का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ भदौ २०८२
बुधबार
27 August 2025
Wednesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# कठघरामा ‘हाइप्रोफाइल’

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १० भदौ

ज्यान मार्ने उद्योगमा दोषी ठहर भएसँगै पक्राउ परेका पूर्वमन्त्री एवं गण्डकी प्रदेशसभा सदस्य दीपक मनाङे (राजीव गुरुङ) २०८१ कात्तिक २७ देखि डिल्लीबजार कारागार छन् । २०६१ सालमा चक्रे मिलन समूहमाथि आक्रमण गरेको अभियोगमा मुद्दा खेपेका उनलाई उच्च अदालत पाटनले पाँच वर्ष कैद सजाय सुनाएको थियो । २०८१ कात्तिक २० मा सर्वोच्चका न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले सदर गरेसँगै उनी अहिले कारागारमै छन् ।

मनाङेलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले सोमबार पदमुक्त गर्ने फैसलासमेत सुनाएको छ । प्रदेश सभा सदस्य पदमा रहिरहन अयोग्य भएको ठहर गरेपछि उनको सांसद पदसमेत गएको छ । एमाले पृष्ठभूमिका उनी स्वतन्त्र सांसद जितेर पटकपटक प्रदेशमन्त्री भइसकेका व्यक्ति हुन् । सर्वोच्च अदालतको संवैधानिक इजलासले गरेको व्याख्याअनुसार उनले कैदबाट निस्केपछि पनि थप ६ वर्षसम्म चुनाव लड्न नपाउने भएका छन् । यसअघि दुईपटक मनाङ प्रदेश सभा निर्वाचन क्षेत्र २ बाट निर्वाचित मनाङे हाल डिल्लीबजार कारागारमा छन् ।

पृष्ठ २ मा



हाइप्रोफाइल व्यक्तिमाथि कानुनी कारबाही हुनुले भ्रष्टाचारविरूद्ध सरकारको आसलाग्दो कदम देखिए पनि अझै धेरै त्यस्ता व्यक्तिलाई कानुनी दायरामा ल्याउन सकेको छैन । सरकारले दोषीलाई कारबाही गर्न सक्दा राजनीतिक आडमा हुने अपराध घट्दै जान्छन् र मुलुकमा सुशासनको प्रत्याभूति हुन सक्छ ।

■ **हेमन्त मल्ल ठकुरी**
पूर्वडिआइजी, नेपाल प्रहरी





**कर्म र धर्म सँगसँगै**

*नेपाली हिन्दु महिलाले सोमबार तिज पर्व मनाएका छन् । काठमाडौंको पशुपतिनाथ परिसरमा तिज मनाउँदै कर्ममा जुटिरहेका सुरक्षाकर्मी, सञ्चारकर्मी र सफाइकर्मी महिला ।*

‘इम्बोस्ड नम्बर प्लेट’मा लचकता

# विरोध छल्न पछि हट्यो सरकार

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १० भदौ

इम्बोस्ड नम्बर प्लेट जडानमा यातायात व्यवस्था विभाग लचक भएको छ । असोज १ गतेदेखि सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य हुनुपर्ने नभए कारबाही गर्ने भन्ने सरकारको निर्णयको चौतर्फी विरोध सुरु भएको थियो । लाइसेन्स दिन नै एक वर्षभन्दा धेरै समय लगाइरहेको विभागले फेरि इम्बोस्ड नम्बर प्लेटको नाममा जनतालाई सास्ती दिन लागेको भन्दै यातायात व्यवसायीदेखि सवारी प्रयोगकर्ताले विरोध सुरु गरेका थिए ।

सामाजिक सञ्जालमा समेत अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडानप्रति विरोध भइरहेको थियो । चौतर्फी विरोध र आलोचनापछि विभाग मंगलबार इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्यबाट पछि हटेको हो । विभागले अब आफूलाई अनुकूल भएको समयमा सवारी दर्ता गरेको यातायात कार्यालयमा गई स्वःस्फुर्त ढंगले इम्बोस्ड नम्बर प्लेट जडान गरी डिजिटलाइजेसन कार्यमा सहयोग गर्न आग्रह गर्दै यसअघिको निर्णय खारेजको भएको जनाएको छ ।

‘इम्बोस्ड नम्बर प्लेट जडान सम्बन्धमा सम्पूर्ण सरकारी, निजी र सार्वजनिक सवारीसाधनमा क्रमशः जोड्दै लैजाने निर्णय भएको, तर ‘मिति २०८२ असोज १ गतेदेखि जडान नगरेको खण्डमा तुरुन्त जरिमाना वा कारबाहीमा परिने’ भन्ने भ्रमसमेत उत्पन्न भएको विषयमा तत्काललाई कुनै किसिमको दण्ड/जरिमाना नगरिने बेहोरासमेत स्पष्ट पारिन्छ, साथै आफूलाई अनुकूल भएको समयमा सवारी दर्ता गरेको यातायात कार्यालयमा गई स्वःस्फुर्त ढंगले इम्बोस्ड नम्बर प्लेट जडान गरी डिजिटलाइजेसन कार्यमा सहयोग गर्न अनुरोध गरिन्छ,’ विभागले विज्ञप्तिमार्फत जनाएको छ । दक्षिण एसियाली राष्ट्रहरूलाई डिजिटल प्रणालीतर्फ अग्रसर

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# नेपाली कामदारमा बढ्दो एक्लोपन र असुरक्षा हटाउन एनआरएनए र आइएलओबीच सहकार्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ

विदेशमा नेपाली कामदारमा बढिरहेको एक्लोपन र असुरक्षा हटाउन गैरआवासीय नेपाली संघ (एनआरएनए)को अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)सँग सहकार्य भएको छ । परियोजनामार्फत एनआरएनएले वैदेशिक रोजगारीका क्रममा समस्यामा पर्ने नेपाली कामदारलाई सहयोग गर्ने भएको छ । नेपालबाट ठुलो संख्यामा नेपाली कामदार विशेषगरी खाडी मुलुक, मलेसिया र अन्य देशमा काम गरिरहेका छन् ।

नेपालीहरूको ठुलो संख्या वैदेशिक रोजगारमा रहँदा नेपाललाई महत्वपूर्ण आर्थिक लाभ भएको भएपनि अधिकांश कामदारले अपर्याप्त कानुनी सुरक्षा, कमजोर कार्यस्थल, रोजगारदाता परिवर्तन, मनोसामाजिक तनाव र गन्तव्य देशहरूमा सहयोग

पृष्ठ २ मा



## साउदीमा आठ नेपालीलाई आममाफी

**अन्जान गुभाजु / मध्यान्ह**
जेद्दा, १० भदौ

साउदी अरबका विभिन्न जेलमा कैद भोगिरहेका आठ जना नेपाली नागरिकलाई साउदी अरेबिया सरकारले आममाफी दिएको छ । साउदीको जेद्दास्थित नेपाली महावाणिज्यदूतावासका

पृष्ठ २ मा

## इजरायल, जापान र क्रोएसिया पठाउने भन्दै ठग्ने तीन पक्राउ

**काठमाडौं / मस–** वैदेशिक रोजगारीका लागि इजरायल, जापान र क्रोएसिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा स्याङ्जाको पुतलीबजार नगरपालिका-१ का

पृष्ठ २ मा

# सीमामा संगठित तस्करी
## कारबाहीमा तानिँदै सुरक्षाकर्मी

सशस्त्र प्रहरीको हेडक्वार्टरमा सुराकीका रूपमा पुगेको भिडियो र फोटोमा सात सय हाराहारीमा चिनीका बोरा देखिएपछि प्रहरीसहित राज्यका विभिन्न निकायले गर्ने अनुसन्धान र सीमा क्षेत्रको निगरानी संयन्त्र र नीतिमाथि नै शंका उत्पन्न भएको छ ।

**धर्मेन्द्र कुमार साह / मध्यान्ह**
रौतहट, १० भदौ

नेपाल र भारतको सीमा क्षेत्रमा तस्करी बढ्दो छ । तस्करी एकल वा समूहगत रूपमा नभएर संगठित रूपमै मौलाउँदो रहेको विभिन्न घटनाले देखाउँछ ।

संगठित तस्करी बढेको सूचनाप्रति सरकारको समेत ध्यान गएको पाइन्छ । सरकारी अध्ययनले नै संगठित तस्करीमा सुरक्षाकर्मीको समेत संलग्नता रहेको पाइएपछि धमाधम कारबाहीमा पर्न थालेका छन् । रौतहटमा मात्रै १७ जना सुरक्षाकर्मी कारबाहीमा परेका छन् भने प्रहरी नायब उपरीक्षकमाथि हेडक्वार्टरमै अनुसन्धानसमेत भएको छ ।

संगठित तस्करी आशंका भएको पछिल्लो घटना हो- सशस्त्र प्रहरीको हेडक्वार्टरमा सुराकीका रूपमा पुगेको भिडियो र फोटोमा देखिएको चिनीको बोरा । सो भिडियो र फोटोमा सात सयको हाराहारीमा चिनीका बोरा देखिएका छन् । यस घटनाले प्रहरीसहितका राज्यका विभिन्न निकायले गर्ने अनुसन्धान र सीमा क्षेत्रको निगरानी संयन्त्र र नीतिमाथि नै आशंका उत्पन्न भएको छ । भारतबाट अवैध रूपमा चिनीलगायतका सामग्री भित्र्याइएको सूचनाका प्रहरीलाई प्राप्त भयो ।

पृष्ठ २ मा



**कठघरामा...**

'गुन्डा नाइके' भनेर चिनिने मनाङे राजनीतिक यात्रा बारम्बार विवादमा पर्दै आएको थिए ।

-देशभरका सातवटा सहकारी ठगीको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछाने पूर्पक्षका लागि थुनामा छन् । बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणको कसुरमा उच्च अदालत तुलसीपुरको बुटवल इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएसँगै २०८१ चैत २१ गते उनलाई प्रहरीले नियन्त्रणमा लिएर कारागार पठाएको थियो । काठमाडौंबाट पक्राउ गरी चैत २३ गते यति एयरलाइन्सको विमानमार्फत गौतमबुद्ध विमानस्थल भैरहवा लगेर राखिएका उनलाई साउन ३१ मै अड्डासार गरी ललितपुरस्थित नख्खु कारागारमा राखिएको छ । लामिछानेकै मागबमोजिम कारागार सारिएको कारागार व्यवस्था विभागले जनाएको छ ।

- नेकपा एमालेका सचिवसमेत रहेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी नक्कली शरणार्थी प्रकरणमा २०८० असारदेखि कारागार छन् । अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा रायमाझी र नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहित १६ जना जेल चलान गर्न आदेश दिएसँगै उनी कारागारको बसाइँमा पुगेका थिए । रायमाझीसँगै थुनामा गएका कांग्रेस नेता खाँण एक वर्षअघि नै थुना मुक्त भएका छन् । तर उनको मुद्दा पनि किनारा लागेको छैन । सोही प्रकरणमा परेका पूर्वगृहसचिव टेकनारायण पाण्डे र तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राईसमेत जेलमै छन् । सो प्रकरणमा पक्राउ परेका उच्च तहको राजनीतिक तथा प्रशासनिक नेतृत्वसहित १८ जना अभियुक्तमध्ये १६ जनालाई काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले कारागार पठाउन अदालतले आदेश दिएको थियो ।

जसमा, एमाले नेता रायमाझी, कांग्रेस नेता खाँण, तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई, हज कमिटीका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद् आङटावा शेर्पा, तत्कालीन गृहमन्त्री खाँणका स्वकीय सचिव नरेन्द्र केसी र टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझी, सो काण्डमा बिचौलियाका रूपमा चिनिएका केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, गोविन्द चौधरी र रामशरण केसी थिए । खाँणबाहेक सबै जना अहिले जेलमै छन् । यस प्रकरणमा मुछिएका होटल व्यवसायी टंक गुरुङ १० लाख र ललितपुरकी लक्ष्मी महर्जन भने त्यसबेलै ५ लाख धरौटीमा रिहा भएका थिए ।

भ्रष्टाचारका घटनामा यसअघि बहालवाला मन्त्रीदेखि पूर्वमन्त्रीहरू जेल परिसकेका छन् । यद्यपि कतिपय शक्तिशालीहरू भने अझै कानुनी प्रक्रियामा ल्याउन नसकेको विज्ञहरू बताउँछन् । नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल ठकुरीले नक्कली शरणार्थी, सुन तस्करी, सहकारी ठगीलगायत ठुला प्रकरणमा मुछिएका शक्तिशालीहरूमाथि छानबिन हनुपर्ने बताउँछन् । 'केही व्यक्तिहरू अदालतको निर्देशनअनुसार कारागारमा भए पनि अझै बाहिर रहेकाहरू पनि त्यत्तिकै छन्,' उनले मध्यान्हसँग भने, 'हाइप्रोफाइल व्यक्तिमाथि कानुनी कारबाही हुनुले भ्रष्टाचारविरुद्ध सरकारको आशालाग्दो कदम देखिए पनि अझै धेरै त्यस्ता व्यक्तिलाई कानुनी दायरामा ल्याउन सकेको छैन । सरकारले दोषीलाई कारबाही गर्न सक्दा राजनीतिक आडमा हुने अपराध घट्दै जान्छ र मुलुकमा सुशासनको प्रत्याभूति हुन सक्छ ।'

**यसअघि जेल परेका थिए 'हाइप्रोफाइल'**

भ्रष्टाचारका घटनामा यसअघि बहालवाला मन्त्रीदेखि पूर्वमन्त्रीहरू जेल परिसकेका छन् । तत्कालीन मन्त्री जेपी गुप्तादेखि पूर्वमन्त्रीहरू खुमबहादुर खड्का, गोविन्दराज जोशी, टेकबहादुर गुरुङ, विक्रम पाण्डे, चिरञ्जीवी वाग्ले, रवीन्द्रनाथ शर्मा, बद्री न्यौपाने भ्रष्टाचार आरोपमा जेल परेका हुन् । २०६८ सालमा जेपी गुप्ता डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा सूचना तथा सञ्चारमन्त्री थिए । सार्वजनिक पदमा रहँदा ८४ लाख रुपैयाँ भ्रष्टाचार गरेको आरोपसहित बहालवाला मन्त्री गुप्ता डेढ वर्षका लागि जेल गएका थिए । उनीविरुद्ध २०५९ सालमा २ करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार गरेको अभियोग लगाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । विशेषले २०६४ मा गुप्तालाई सफाइ दियो । तर सर्वोच्च अदालतले विशेषको फैसला उल्ट्याउँदै उनलाई जेल पुर्‍याएको थियो ।

नेपाली कांग्रेसका स्व. नेता एवं पूर्वमन्त्री खुमबहादुर खड्का पनि भ्रष्टाचार अभियोगमा जेल गएका थिए । भ्रष्टाचार मुद्दा लागेका खड्काविरुद्ध २०५९ सालमा अकुत सम्पत्ति कमाएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा परेको थियो ।

२०४८ सालसम्म सामान्य हैसियत भएका खड्कासँग सांसद र मन्त्री हुनुअघि जम्मा १० बिघा मात्र जग्गा थियो भने २०४८ सालमा पहिलोपटक मन्त्री भएपछि खड्काले सार्वजनिक गरेको सम्पत्ति विवरणमा उनीसँग २ लाख रुपैयाँ नगद, सात तोला सुन, एउटा पक्की घरलगायत सम्पत्ति मात्र थियो ।

गृह, जलस्रोत र भौतिक योजना तथा निर्माणजस्ता महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हाल्दा खड्काले अमिल्दो र अस्वाभाविक ढंगले सम्पत्ति कमाएको आरोपमा उनी जेल चलान भएका थिए । तर २०६३ सालमा विशेष अदालतले १२ लाख मात्र स्रोत नखुलेको भन्दै खड्कालाई सफाइ दियो । यद्यपि विशेष अदालतको फैसलाविरुद्ध अख्तियारले सर्वोच्च अदालतमा पुनरावेदन दिएपछि फैसला उल्टियो ।

२०६८ साउन ३० मा सर्वोच्चले खड्कालाई दोषी ठहर गर्दै डेढ वर्ष कैद र ९४ लाख ७४ हजार १ सय २२ रुपैयाँ बिगो जरिमानाको फैसला सुनाएको थियो । कांग्रेसका अर्का नेता गोविन्दराज जोशी पनि भ्रष्टाचार मुद्दामा जेल परेका व्यक्ति हुन् ।

२०६० मा अख्तियारले पूर्वशिक्षामन्त्री समेत रहेका उनलाई ३ करोड ९३ लाख ६३ हजार ५ सय ७६ रुपैयाँ भ्रष्टाचारको आरोपमा मुद्दा दायर गरेको थियो । २०६६ सालमा विशेष अदालतले जोशीलाई डेढ वर्ष जेल सजाय सुनाएको थियो ।

कांग्रेस नेता एवं पूर्वश्रममन्त्री रहेका टेकबहादुर गुरुङविरुद्ध २०७५ सालमा अख्तियारले भृकुटीमण्डपको ६० रोपनी जग्गा भाडा लगाउँदा अनियमितता भएको दाबी गर्दै मुद्दा दायर गरेको थियो । उनले ३१ करोड ५२ लाख १७ हजार रुपैयाँ हिनामिना गरेको आरोप छ । उनी धरौटी बुझाएर छुटिसकेका छन् ।

यस्तै, राप्रपाका उपाध्यक्ष पाण्डेमाथि सिक्टा सिँचाइ आयोजनाको काममा भ्रष्टाचार गरेको आरोप छ । उनीमाथि २ अर्ब १३ करोड ७६ लाख ७९ हजार भ्रष्टाचार गरेको आरोप थियो । कांग्रेस नेता एवं पूर्वसञ्चारमन्त्री वाग्ले पनि भ्रष्टाचार मुद्दामा जेल परेका नेता हुन् । ३ करोड २ लाख ५५ हजार रुपैयाँ भ्रष्टाचार अभियोगमा उनीविरुद्ध २०५९ सालमा अख्तियारले मुद्दा चलाएको थियो । विशेष अदालतले २०६१ मा उनीमाथि अढाइ वर्ष कैद सजाय सुनाएको थियो ।

त्यस्तै, पूर्वअर्थमन्त्री रवीन्द्रनाथ शर्मा पनि अकुल सम्पति आर्जन गरेको आरोपमा जेल परेका थिए । २०६० मा अख्तियारले ४ करोड ९५ लाख ५४ हजार रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो । तर २०६६ सालमा अदालतको फैसला नआउँदै उनको निधन भयो । अदालतले मरणोपरान्त भ्रष्टाचारी ठहर गर्दै फैसला गरेको इतिहास छ ।

**विरोध...**

गराउने सरकारी योजनाअनुरूप नेपालमा पनि यातायात क्षेत्रलाई क्रमशः डिजिटल बनाउने अभियानका रूपमा इम्बोस्ड नम्बर प्लेट राख्न थालिएको विभागको भनाइ छ । विज्ञप्तिमा भनिएको छ, 'त्यसैअनुरूप सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्दै लैजाने योजना छ तर हाललाई यो अनिवार्य छैन र स्वेच्छिक रूपमा जडान गर्न सकिनेछ ।'

इम्बोस्ड नम्बर प्लेटमा प्रयोग गरिएको अंग्रेजी लिपिबारे विभागले सवारी चालक अनुमतिपत्र, राहदानी, नागरिकता र राष्ट्रिय परिचयपत्रजस्ता अन्य महत्वपूर्ण कागजातमा पनि अंग्रेजी लिपि प्रयोग हुने गरेकाले इम्बोस्ड प्लेटमा अंग्रेजी प्रयोग गरिएको तर्क गरेको छ ।

विभागले भदौ ३ गते सूचना जारी गर्दै आगामी असोज १ गतेदेखि अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्न उर्दी जारी गरेको थियो ।

विभागले प्रदेश कार्यालयबाट जडानमा सहजताका लागि सो स्थानहरूमा पूर्वाधार र जनशक्तिको व्यवस्था गरिएको र सेवाग्राही तथा सवारीधनीको सहजताका लागि आवश्यकताअनुसार थप प्रबन्ध गर्ने जनाएको छ ।

**नेपाली...**

सेवाहरूमा सीमित पहुँचलगायत धेरै चुनौती सामना गरिरहेको सार्वजनिक भइरहेको छ ।

आप्रवासी अधिकार र मर्यादित काम परियोजनामार्फत स्विस विकास र सहयोग एजेन्सीमार्फत गन्तव्य देशहरूमा नेपाली कामदारहरूलाई सहयोग प्रदान गरिने आइएलओले बताएको छ ।

सम्झौतामा नेपालका लागि आइएलओ नेपालका डाइरेक्टर नुमान ओज्कान र एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद् (आईसीसी)का अध्यक्ष डा. बद्री केसीले हस्ताक्षर गरेका छन् ।

सम्झौताले गन्तव्य देशहरूमा विशेषगरी मध्य पूर्व र मलेसियामा एनआरएनको संस्थागत क्षमता अभिवृद्धि गरेर कामदारको अधिकार रक्षामा केन्द्रित गरिने बताइएको छ ।

परियोजनाले आप्रवासन सेवाहरू प्रदान गर्ने, आप्रवासी अधिकार र श्रम आप्रवासन मुद्दाहरूमा नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरूसँग नीतिगत वकालत गर्ने, जोखिममा परेका आप्रवासीहरू विशेषगरी महिला र कागजात नभएका कामदारहरूका लागि मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग, भर्चुअल माध्यम र सूचना सामग्रीमार्फत जागरुक गराइने छ ।

आइएलओ निर्देशक नुमान ओज्कानले आप्रवासी नेपाली कामदारहरू देशको अर्थतन्त्रको मेरुदण्ड भएपनि उनीहरूले प्रायः असुरक्षित काम गर्ने अवस्था, सुरक्षाको अभाव र विदेशमा एक्लोपनको सामना गरिरहेको बताए । उनले एनआरएनसँगको साझेदारीमार्फत आप्रवासी कामदारहरूका लागि मानसिक स्वास्थ्य सहयोगमा लगानी गरिरहेको पनि बताए । उनले परियोजनाले नेपाली आप्रवासी कामदारहरूलाई सुरक्षित मात्र नबनाई सम्मान र अधिकार उपभोग सुनिश्चित गर्ने बताए ।

एनआरएनए अध्यक्ष डा. केसीले दुई दशकभन्दा बढीको इतिहास बोकेको एनआरएनएले ९० भन्दा बढी देशमा राष्ट्रिय समन्वय परिषद्मार्फत विश्वभरका नेपाली आप्रवासीहरूको अधिकार र कल्याणका लागि काम गरिरहेको बताउँदै नयाँ साझेदारीले आप्रवासीहरूका लागि सेवाहरू सुदृढ गर्ने बहुमूल्य अवसर प्रदान गरेको बताए । उनले एनआरएनए प्रतिनिधिहरूलाई तालिम र नेपाली कूटनीतिक नियोगहरूसँग बलियो समन्वय गरेर नेपाली श्रमिकहरूलाई समयमै र भरपर्दो सहयोग बढाउने उल्लेख गरे ।

**साउदीमा...**

अनुसार आममाफी पाउने नेपालीहरूमा प्रकाश विष्ट, राजेश बुढा मगर, जय बीसी, हर्कदबहादुर कार्की, यमबहादुर थापा, ध्यानबहादुर राई, पवन गुरुङ र पेम्बा रहेका छन् ।

स्रोतका अनुसार हाल साउदी अरबका विभिन्न जेलमा करिब ६ सय नेपाली रहेका छन् । सामान्य मुद्दा वा सजाय कम भएकाहरूलाई समय-समयमा साउदी सरकारले आममाफी दिने गरेको भएपनि अझै धेरै नेपालीले कठिन परिस्थिति भोगिरहेको बताइएको छ । आममाफी पाएका नेपालीहरूलाई आवश्यक कागजी प्रक्रिया पूरा भएपछि स्वदेश फर्काउने तयारी भइरहेको जेद्दा महावाणिज्यदूतावासले जनाएको छ । यसबीचमा अन्य कैदी नेपालीहरूले पनि यस्तै राहत पाउने आशा व्यक्त गरेका छन् । साउदी अरेबियामा करिब ४ लाख नेपाली कार्यरत रहेका छन् ।

**इजरायल...**

२८ वर्षीय सुसन ताम्राकार, काठमाडौं महानगरपालिका-१५ का ५० वर्षीय योगेन्द्र घले र संखुवासभा मकालुका ४३ वर्षीय धनबहादुर राई रहेका छन् ।

पक्राउ परेकामध्ये राईले क्रोएसिया पठाउने भन्दै १३ लाख ५० हजार, सुसनले इजरायल पठाइदिन्छु भन्दै एक जनाबाट १२ लाख र योगेन्द्रले जापान पठाइदिन्छु भन्दै अर्का एक जनाबाट ६ लाख लिई सम्पर्कविहीन भएको उजुरी परेको थियो । सोही उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरी टोलीले सुसनलाई काठमाडौं महानगरपालिका-९ बाट र योगेन्द्रलाई काठमाडौं महानगरपालिका-१० बाट पक्राउ गरेको हो ।

तीनै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ । प्रहरीले बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागी विभिन्न मुलुक लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेर विदेश नपठाई सम्पर्कविहीन हुने प्रवृत्ति बढेको भन्दै सचेत हुन आग्रह गरेको छ ।

**सीमामा...**

सोही सूचनाका आधारमा गत साउन ३० गते सशस्त्र प्रहरीले गरुडा नगरपालिकाको शिव नगरमा रहेको एक घरमा छापा मारेको थियो । सो घरमा छापा मार्दा भारतबाट अवैध ढंगले ल्याई राखेको अवस्थामा १ सय ६ बोरा चिनी, ९ बोरा सिमेन्ट, १० बोरा रासायनिक मल, १० बोरा सरफलगायतका ४ लाख २० हजार ३ सयबराबरको समान बरामद गरी भन्सारसमक्ष बुझाएको प्रहरी कार्यालयले जनाएको छ ।

तर, सशस्त्र प्रहरीको हेडक्वार्टरमा सुराकीका रूपमा पुगेको भिडियो र फोटोमा भने ६ सयदेखि ७ सयको हाराहारीमा चिनीका बोरा देखिएका छन् ।

प्रहरीले छापा मारेर भन्सार बुझाइएको परिमाण र सुराकीमा देखाइएको परिमाण नमिल्दा प्रहरी नायब उपरीक्षक अमर लामासहित १७ जनामाथि अनुसन्धान तथा कारबाही प्रक्रिया अगाडि बढाइएको छ । यस घटनाले सशस्त्र प्रहरी नै रौतहटमा संगठित तस्करी मौलाएको देखिन्छ ।

सशस्त्र प्रहरी २ नम्बर बाहिनी कार्यालय बर्दिवासबाट सुरु भएको कारबाही प्रक्रिया क्रममा डिएसपी लामालाई हेडक्वार्टर तानिएको छ । बाहिनीमा करिब तीन दिनसम्म अनुसन्धान चलेको थियो । अनुसन्धानका लागि बाहिनीमा बोलाइएका बाँकी १७ सशस्त्र प्रहरी कर्मचारीलाई फिर्ता पठाइएको र घटनामा दुधियाभारका प्रहरी निरीक्षक लागेजुलाई नसिहत कारबाही गरिएको स्रोतबाट बुझिएको छ । यसै प्रकरणमा ११ नम्बर गण हेडक्वार्टर रौतहटका इन्स्पेक्टर गणेशकुमार बोहरा, इन्स्पेक्टर दधिराम पौडेललाई समेत ध्यानाकर्षण गराइएको छ ।

## Thalara Rural Municipality
## Office of Rural Municipal Executive
**Kholi, Bajhang, Sudurpashchim Province, Nepal**

### Invitation for Electronic Bid for the Procurement Goods

**Notice No.: 2082/83-11, Date of Publication: 2082/05/11 (August 27, 2025)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures for the procurement of goods mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount With VAT (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| NCB/TRM/GOODS/ 04/2082-83 | Procurement and Supply of electronics Items for Educational Quality Improvement Program Package-1 | 1,18,36,650/- | 2,96,000/- | 3,000/- | 120 days |

Purschase, Submission and Opening:

| Contract | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|
| | Date | Time | Date | Time |
| Email: thalaramun@gmail.com<br>Contact No.: 9843229890/ 9858420550 | 2082/06/10 (September 26, 2025) | 12:00 Noon | 2082/06/10 (September 26, 2025) | 14:00 Noon |

| Bank Name & Address | Office Name | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account Name | Account No. | Account Name | Account No. |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1 | 1840102612300001 | THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3 | 1840102612300016 |

- Tender document shall follow Public Procurement Act, 2063 (Latest Amendment), Public Procurement Regulation of Thalara Rural Municipality, 2076.
- Eligible bidders may refer complete set of Bid Document for further information at Office of Thalara Rural Municipality, Bajhang or PPMO's website www.bolpatra.gov.np/egp and bidders shall have the option of submitting their bids electronically only.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# Palungtar Municipality
# Office of the Municipal, Executive
**Palungtar, Gorkha**

**Gandaki Province, Nepal**

## Invitation for Bid
**(Electronic Bid only)**

**Date of Publication: 27/08/2025 (11th Bhadra 2082)**

1. Palungtar Municipality, invites bids from **national** eligible bidders for **Item rate Contract** of following works:

| Contract Identification Number | Description and Location of works | Bid Document Fee (NRs) | Estimate Amount With out VAT (NRs.) | Bid Security Amount (NRs) | Bid Security Validity Period (days from the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| PMUN/NCB/ WORKS/2082/83-11 | UPGRADING WORKS OFSAMIPHED DUMREDADA ROAD PROJECT , PALUNGTAR -03, GORKHA | 3000.00 | 17011140.80 | 510000.00 | 90 | |
| PMUN/NCB/ WORKS/2082/83-12 | DHUNDURE KHOLA BIPAT JOKHIM NEUNIKARAN KA LAGI NADI NEYANTRAN, PALUNGTAR-02,GORKHA | 3000.00 | 8000747.90 | 260000.00 | 90 | |
| PMUN/NCB/ WORKS/2082/83-13 | UPGRADING WORKS OF RADHAKRISHNA THANTIPOKHARI ROAD PROJECT, PALUNGTAR-05, GORKHA | 3000.00 | 2107000.59 | 65000.00 | 90 | |
| PMUN/NCB/ WORKS/2082/83-14 | CHEPEGHAT LIGLIGKOT TATOPANI KOTGADI LAKANGKALI PADMARG, PALUNGTAR 05, 04, 03, 02, 01 &10 | 3000.00 | 13264944.32 | 400000.00 | 90 | |
| PMUN/NCB/ WORKS/2082/83-15 | CONSTRUCTION OF BLACKTOP WORKS OF RADHAKRISHNA THANTIPOKHARI ROAD PROJECT, PALUNGTAR-05, GORKHA | 3000.00 | 17035093.32 | 510000.00 | 90 | |

2. Purchase, Submission and Opening:

| S. N. | Purchase of Bid (Last Date/Time) | | Submission of Bid | | Opening of Bid | | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | |
| 1. | 26-09-2025 | 12:00 | 26-09-2025 | 12:00 | 26-09-2025 | 13:00 | PMUN/NCB/ WORKS/2082/83-11,12,13,14 & 15 |

| Name of Office | Bank | Deposit Account No: (Bid Security Amount) | Revenue Account No: (Bid Document Fee) |
|---|---|---|---|
| Palungtar Municipality, Palungtar, Gorkha | Agriculture Development Bank Ltd, Palungtar, Gorkha | 0317700959532017 | 0317700959532025 |

3 Tender Procedures shall follow Public Procurement Act 2063 and Public Procurement Rules 2064

4 Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of 'A' class Bank Bid guarantee in the following Account within the date and time specified above.

5 A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.

6 Any amendment in the notice or bid documents will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of Palungtar Municipality .

7 The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

**Mauritius मा रोजगार**

कम्पनीः FIXMAN MAURITIUS LTD — शहरः Mauritius
पूर्व स्वीकृत मितिः २०८१/०५/१२ चलानी नं.: ६०२२४२८४ LT. No.: 309703 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Massion | 10 | 0 | सम्बन्धित कामको दक्ष | 16500 | ५०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 4 | 0 | | 16500 | ५०,३२५ | | | | | | | |
| 3. | Jcb Operator | 2 | 0 | | 16500 | ५०,३२५ | | | | | | | |
| 4. | Tile Layer | 6 | 0 | | 16500 | ५०,३२५ | | | | | | | |
| 5. | Steel Fixer | 6 | 0 | | 16500 | ५०,३२५ | | | | | | | |
| 6. | Furniture Carpenter | 1 | 0 | | 30000 | ९१,५०० | | | | | | | |
| 7. | Carpenter | 6 | 0 | | 16500 | ५०,३२५ | | | | | | | |

अन्तर्वार्ता शाखा कार्यालय इटहरीमा मिति २०८२ भदौ १३ गते (29 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ भदौ १४ र १५ गते (30 & 31 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Bhimsengola-31, Katyayani Chowk, Kathmandu | Mobile No: 9762613839, 9801357728, 9801357729, 9801591168, 9808533103, 9827713813, 9805902727
Email: documentation.aayushoverseas@outlook.com, Itahari Mobile No: 9852049211,9802077845

**कुबेतमा रोजगार**

कम्पनी : SHAWARNA HATEM ORIGINAL RESTAURANT COMPANY — शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/११/२८ चलानी नं.: ६०२३४४०४ LT. No. : 320243 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Ladies) | 0 | 5 | सम्बन्धित कामको दक्ष | 100 | ४५,७८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Male) | 20 | 0 | | 100 | ४५,७८६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १८ गते (3 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Prakash Human Resource Pvt. Ltd.
श्रम इजाजत नं. १६५०/०८०/०८१
Sinamangal-9, Shambhu Marg , Kathmandu, Nepal. Tel : 01-4560201, Mob : 9801358362/ 9801358363 9801358364, E-mail: info@prarkashhumanresource.com, Website: www.prakashhumanresource.com




# आवाजविहीनको आवाज

## मच्छेदेवी गुरुङ

सोलुखुम्बु जिल्लाको मुक्ली गाउँमा जन्मिएकी मच्छेदेवी गुरुङको कथा केबल एक व्यक्तिको जीवनी मात्र होइन, यो ती असंख्य महिलाहरूको प्रतिनिधित्व हो, जसले समाजमा आफ्नो स्थान बनाउन अथक संघर्ष गरेका छन् । सानोमा रेडियोमा मान्छे बोल्दा अचम्म मान्ने मच्छेले कहिल्यै सोचेकी थिइनन् कि एक दिन त्यही रेडियो उनको हातमा समाज परिवर्तनको हतियार बन्नेछ । उनले रेडियोमार्फत आफ्नो आवाज मात्र सुनाइनन्, बरु हजारौं आवाजविहीन महिलाहरूको मुद्दालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याइन् । यो कथा उनको साहस, दृढता, र सामाजिक न्यायप्रतिको समर्पणको गाथा हो ।

मच्छे देवी गुरुङको जन्म सोलुखुम्बुको दुर्गम गाउँमा भएको थियो, जहाँ जीवन सरल तर चुनौतीपूर्ण थियो । गाउँको प्राकृतिक सौन्दर्यले उनको बाल्यकाललाई रंगीन बनाए पनि, सामाजिक असमानता र लैंगिक विभेदले उनको मनमा गहिरो छाप छोड्यो । सानैदेखि उनले गाउँमा महिलामाथि हुने भेदभाव, हिंसा र अवसरको अभावलाई नजिकबाट देखिन् । उनको परिवारमा शिक्षालाई महत्व दिइन्थ्यो, तर आर्थिक अवस्था कमजोर भएकाले उनको सपनाको बाटो सधैं सहज थिएन ।

रेडियो उनको बाल्यकालको सबैभन्दा रोचक साथी थियो । जब गाउँमा रेडियो बज्थ्यो, उनको मनमा एउटा अनौठो कौतुहल जाग्थ्यो- 'यो सानो डब्बामा कसरी मान्छे पसेर बोल्छन् ?' यो जिज्ञासाले उनको मनमा नयाँ संसारको ढोका खोलिदियो । रेडियोले उनलाई सूचना, कथा र विचारको संसारसँग जोड्यो । उनले गाउँकै स्कुलमा पढाइ पूरा गरिन् र एसएलसी पास गरिन् । तर उनको सपना गाउँको साँघुरो घेराभन्दा धेरै ठुलो थियो । उनले उच्च शिक्षाका लागि काठमाडौं जाने निधो गरिन्, जुन उनको जीवनको पहिलो ठुलो कदम थियो ।

काठमाडौं प्रवेश मच्छेको लागि केबल भौगोलिक यात्रा मात्र थिएन, यो उनको जीवनको नयाँ अध्यायको सुरुवात थियो । रत्नराज्य लक्ष्मी क्याम्पसमा आइएमा भर्ना भएपछि उनले शिक्षासँगै आर्थिक जिम्मेवारी पनि वहन गर्नुपऱ्यो । पढाइ र कामको सन्तुलन बनाउनु उनका लागि ठुलो चुनौती थियो । यो समयमा उनले समाजमा महिलाले भोग्नुपरेका समस्याहरूलाई अझ गहिराइमा बुझिन् । लैंगिक असमानता, शिक्षा र रोजगारीमा अवसरको कमी, र सामाजिक संरचनाले थोपरेका बाधाहरूले उनको मनमा गहिरो प्रभाव पाऱ्यो । यही अनुभवले उनलाई महिलाको अधिकार र शिक्षाको महत्वप्रति सचेत बनायो ।

### महिलाको आवाजलाई बुलन्द गर्ने अभियान

महिलाको आवाजलाई बाहिर ल्याउन मिडिया नै सबैभन्दा प्रभावकारी माध्यम हो भन्ने उनले बुझिन् । यो बुझाइले उनलाई नेपाल प्रेस इन्स्टिच्युटमा १० महिने पत्रकारिता तालिम लिन प्रेरित गऱ्यो । यो तालिम उनको करिअरको आधारशिला बन्यो । तालिमपछि उनले कान्तिपुर राष्ट्रिय दैनिक र एन्टेना फाउन्डेसनमा इन्टर्नसिप सुरु गरिन् । यी अनुभवहरूले उनलाई पत्रकारिताको आधारभूत सीप र समाजमा मिडियाको भूमिका बुझ्न सघायो । तर उनको वास्तविक परिवर्तन तब भयो, जब उनी रेडियो सगरमाथासँग जोडिइन् ।

रेडियो सगरमाथा मच्छेका लागि केबल कार्यस्थल मात्र थिएन, यो उनको सपना र अभियानको मञ्च बन्यो । यहाँ उनले महिलाको अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी, हिंसा र राज्यका संरचनामा समान सहभागिताका मुद्दाहरूलाई केन्द्रमा राखेर कार्यक्रमहरू सञ्चालन गरिन् । उनले झन्डै ५ वर्षसम्म रेडियो कार्यक्रम सञ्चालन गरिन्, जसमा ४०० भन्दा बढी भागहरू उत्पादन भए । यी कार्यक्रमहरूले महिलाको विविध मुद्दाहरूलाई उजागर गर्नमा महत्वपूर्ण भूमिका खेले । मच्छेले बुझेकी थिइन् कि महिलाको मुद्दा एकरूप छैन । आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, अपाङ्गता भएका र एकल महिलाहरूका समस्या फरक-फरक छन् । उनले यी विविधतालाई रेडियोमार्फत उजागर गरिन् र यी समुदायका मुद्दाहरूलाई राष्ट्रिय मञ्चमा ल्याइन् । उनको रेडियो कार्यक्रम 'सहअस्तित्व'ले संविधानसभामा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्न निरन्तर दबाब दियो । यो उपलब्धिलाई उनले दक्षिण एसियाकै ठुलो उपलब्धिको रूपमा लिन्छिन् ।

उनले शिक्षा, स्वास्थ्य, खानेपानी र वन उपभोक्ता समितिमा महिलाको सहभागिता बढाउन रेडियोमार्फत अभियान चलाएकी थिइन् । यो अभियानले खासगरी वन उपभोक्ता समितिमा महिलाको उपस्थितिलाई उत्साहजनक रूपमा वृद्धि गऱ्यो । उनको यो प्रयासले गाउँ-गाउँमा रहेका महिलाहरूलाई आफ्नो हकअधिकारका लागि बोल्न प्रेरित गऱ्यो । पहिलो संविधानसभा विघटन भएको रात उनका लागि अविस्मरणीय छ । रेडियोबाट त्यो समाचार वाचन गर्दा उनको मन भारी भएको थियो । तर उनले हार मानिनन् । उनले महिलाको अधिकारलाई मानवअधिकारको रूपमा स्थापित गर्न र महिलालाई दोस्रो दर्जाको नागरिक नभई समान मानवको रूपमा व्यवहार गर्नुपर्ने सन्देशलाई निरन्तर प्रवाह गरिन् ।

मच्छेले महिलामाथि हुने हिंसाविरुद्ध सरकारले ल्याएको घरेलु हिंसा कसुर र सजाय ऐनको कार्यान्वयनका लागि निरन्तर वकालत गरिन् । उनलाई 'महिलावादी'को बिल्ला लगाइयो, तर उनले यो आरोपलाई कहिल्यै मनमा लिइनन् । बरु, उनले आफ्नो अभियानलाई झन् सशक्त बनाइन् । उनको यो दृढताले विभिन्न संघ-संस्थाबाट सम्मान प्राप्त गऱ्यो । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)ले उनलाई २६औं स्थापना दिवसमा फोनिज राष्ट्रिय पत्रकारिता प्रवास अवार्ड २०८२ बाट सम्मानित गऱ्यो । यस्तै, नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना)ले ३१औं विश्व आदिवासी दिवसमा उनको योगदानको कदर गर्दै सम्मान पत्र प्रदान गऱ्यो ।

उनले गैरसरकारी संस्थामार्फत महिलाको मुद्दामा काम गर्ने अवसर पनि पाइन् । यो अनुभवले उनलाई महिलाको विविधता– खसआर्य, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, अपाङ्गता भएका महिलाहरूका फरक-फरक आवश्यकता र समस्याहरूबारे गहिरो बुझाइ दियो । उनले यो विविधतालाई आफ्नो पत्रकारितामा समेटिन् र यी समुदायका लागि आवाज उठाइन् ।

### प्रवासमा नयाँ अध्याय

हाल मच्छे न्यूयोर्कमा छिन्, जहाँ उनले सामुदायिक पत्रकारितामार्फत नेपाली डायस्पोराको आवाज उठाइरहेकी छन् । उनले एनवाइसीनेपालन्युज नामक अनलाइन पोर्टल सञ्चालन गर्छिन्, जहाँ उनी सम्पादकको भूमिकामा छिन् । यो पोर्टलमार्फत उनले नेपाली समुदायको भाषा, संस्कृति र अधिकारका मुद्दालाई उजागर गरिरहेकी छन् । साथै, उनले कम्युनिटी क्वेष्ट अन्तर्वार्ता शृंखला र एनवाइसीनेपाल पडकास्ट पनि सञ्चालन गरिरहेकी छन् ।

अमेरिकामा रहँदा उनले नेपाल अमेरिका पत्रकार संघ (नेजा)मा विभिन्न जिम्मेवारी निभाइसकेकी छन् । सन् २०२१ मा भएको नेजाको सातौं महाधिवेशनमा उनी सबैभन्दा बढी मत प्राप्त गरी उपाध्यक्षमा निर्वाचित भइन् । उनले नेजामा रहँदा संस्थागत पारदर्शिता, महिला सहभागिता र पत्रकारिता पेसाको सुदृढीकरणका लागि आवाज उठाइन् । उनले एभरेस्ट टाइम्स अनलाइन पत्रिकामा अतिथि सम्पादकको रूपमा पनि काम गरिन्, जहाँ उनले समुदायलाई सशक्त बनाउन सामुदायिक पत्रकारितालाई जोड दिइन् ।

### सम्मान र प्रेरणा

मच्छेको योगदानलाई विभिन्न संस्थाले कदर गरेका छन् । तमु ल्होछार २०२३ मा न्युयोर्क सिटीको पब्लिक एडभोकेटले उनलाई सम्मान गऱ्यो । तामाङ सोसाइटी अफ अमेरिकाले डम्फु साँझ २०१८ मा उनको योगदानको कदर गऱ्यो । यस्तै, २०१२ मा बेलायत दूतावास, महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र ओरेक नेपालको समन्वयमा उनलाई महिला हिंसाविरुद्ध पत्रकारिताका लागि सम्मानित गरियो । सन् २०२३ मा नेपालिजम डटकमले उनलाई परिवर्तनको संवाहकको रूपमा सम्मानित गऱ्यो ।

उनले संयुक्त राष्ट्रसंघको महिलाको हैसियतसम्बन्धी आयोगको ६९औं सेसनमा सञ्चार क्षेत्रमा लैंगिक समानताको विषयमा कार्यपत्र प्रस्तुत गरिन् । उनले नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना)को आठौं राष्ट्रिय अधिवेशनमा निर्वाचन आयुक्तको भूमिका निभाइन् । साथै, नेपाल इन्डिजिनियस फिल्म फेस्टिबल एण्ड निफ अवार्ड २०१८ मा निर्णायक र मिडिया कोअर्डिनेटरको भूमिका पनि निभाइन् ।

मच्छेले शिक्षालाई महिलाको सशक्तीकरणको आधार मान्छिन् । उनको विचारमा, शिक्षा बिना महिलाको आर्थिक र सामाजिक सशक्तीकरण सम्भव छैन । उनले राज्यका हरेक संरचनामा महिलाको समानुपातिक सहभागिताको लागि निरन्तर वकालत गरिन् । आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम र अपाङ्गता भएका महिलाहरूको समस्यालाई फरक-फरक ढंगले सम्बोधन गर्नुपर्नेमा उनको जोड छ । उनले नेपालको विविधतालाई सौन्दर्यको रूपमा लिन्छिन् र यो विविधताको सम्मान गर्नुपर्ने बताउँछिन् ।

उनको पत्रकारिता यात्रा १९ वर्षअघि कान्तिपुर दैनिकमा प्रशिक्षार्थीको रूपमा सुरु भएको थियो । यो



यात्रा आज पनि उत्तिकै जोश र जुनूनका साथ जारी छ । उनले सामाजिक न्याय, समानता, र विधिको शासनका लागि आवाज उठाइरहेकी छन् । उनको विश्वास छ कि जबसम्म व्यक्तिको सोचाइमा परिवर्तन हुँदैन, तबसम्म सामाजिक परिवर्तन संस्थागत हुन सक्दैन ।

मच्छेदेवी गुरुङको जीवन एउटा सानो गाउँबाट सुरु भएर विश्व मञ्चसम्म पुगेको छ । उनले रेडियोमार्फत सुरु गरेको यात्राले हजारौं महिलाको जीवनमा परिवर्तन ल्याएको छ । उनको दृढता, समर्पण, र समाजप्रतिको जिम्मेवारीले उनलाई एक सशक्त आवाजको रूपमा स्थापित गरेको छ । उनले महिलाको अधिकार, समावेशिता र विविधताको सम्मानका लागि गरेको संघर्षले नेपाल र नेपाली डायस्पोरामा नयाँ पुस्तालाई प्रेरणा दिइरहेको छ । उनको यो यात्रा केबल उनको व्यक्तिगत कथा होइन, बरु हरेक ती महिलाको कथा हो, जो आफ्नो आवाजलाई विश्वसामु पुऱ्याउन चाहन्छन् । *(प्रस्तुति : जानकी पाठक)*

# एकै दिन ५ हजार ४७ पिन्ट रगत संकलन




**काठमाडौं /मस-** ब्रह्माकुमारीज संस्थाको पूर्वमुख्य प्रशासिका राजयोगिनी दादी प्रकाशमणिको १८औं पुण्यतिथि तथा विश्व बन्धुत्व दिवसको अवसरमा नेपालमा पहिलो पटक एकैदिन ५ हजार ४७ पिन्ट रगत संकलन गरिएको छ । यससँगै नेपालमै एकै दिन भएको रक्तदानको यो संकलन हालसम्मकै उच्चतम रेकर्ड बनेको हो । यो ऐतिहासिक अभियान ब्रह्माकुमारीजका नेपाल-भारतभरका शाखाहरुको संयोजनमा तथा विभिन्न सामाजिक संघ-संस्थाहरुको सहकार्यमा सम्पन्न भएको हो । अन्तर्राष्ट्रिय अभियान अन्तर्गत एक सय घण्टाभित्र एक लाख पिन्ट रगत संकलन गर्ने लक्ष्य राखिएको छ ।

नेपालमा पहिलो दिनमै रेकर्ड

भदौ ६ बाट अभियान सुरु भएको पहिलो दिन नेपालभरका शाखाहरुबाट मात्र ५ हजार ४७ पिन्ट रगत संकलन भएको छ । यस अन्तर्गत काठमाडौं क्षेत्रबाट १ हजार ७ सय ४५ पिन्ट, विराटनगरबाट १ हजार ३ सय २ पिन्ट, नारायणगढबाट ८ सय १२ पिन्ट, नेपालगञ्जबाट २ सय ५६ पिन्ट, वीरगञ्जबाट २ सय २० पिन्ट, पोखराबाट १ सय ४९ पिन्ट, दाङबाट १ सय ३७ पिन्ट, बुटवलबाट १ सय २१ पिन्ट, हेटौंडाबाट १ सय १३ पिन्ट, जनकपुरबाट १ सय पिन्ट, भैरहवाबाट ६७ पिन्ट र राजविराजबाट २५ पिन्ट रक्त संकलन भएको छ ।

### ४ दिनमा नेपालमा ११ हजार ९१६ पिन्ट संकलन

अभियान भदौ ६ देखि ९ गतेसम्म लगातार सञ्चालनमा रहेको थियो । यस अवधिमा नेपालभर विभिन्न स्थानमा कुल ११ हजार ९ सय १६ पिन्ट रगत संकलन गरिएको छ ।यो अभियान नेपालमा मात्र नभइ भारतलगायत अन्य मुलुकमा समेत सञ्चालन भइरहेको छ । एक सय घण्टाभित्र एक लाख पिन्ट रगत संकलन गर्ने लक्ष्यसहित सञ्चालनमा आएको यो अभियानले गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउने उद्देश्य राखेको छ ।

सामाजिक सद्भाव, मानव सेवा र विश्व बन्धुत्वलाई मूर्त रूप दिन सुरु गरिएको यो रक्तदान अभियानलाई मानव कल्याणका क्षेत्रमा ऐतिहासिक कदमका रूपमा लिइएको छ ।

## वीरगन्जमा हैजा

# १० नमुनामध्ये आठमा संक्रमण भेट्टियो

**वीरगञ्ज /मस-** वीरगञ्जमा हैजाको आशंकामा १० बिरामीको नमुना परीक्षण गर्दा आठमा संक्रमण पुष्टि भएको जनाएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा रञ्जनराज भट्टले १० वटा नमुनामध्ये आठवटा नमुनामा हैजाको संक्रमण पुष्टि भएको जानकारी दिए । 'वीरगञ्जबाट हैजाका लक्षण देखापरेका बिरामीको दिसा संकलन गरेर नमुना परीक्षण गर्न प्रयोगशालामा पठाइएको थियो', उनले भने,'प्रयोगशालामा रहेको ' भाइटेक' प्रविधिबाट कल्चर गर्दा १० नमुनामध्ये आठमा संक्रमण भेट्टिएको छ ।'

निर्देशक डा. भट्टले स्थानीय अस्पतालले यसअघि नै 'आरडिटी' गरेर हैजा भएको पुष्टि गरे पनि थप पुष्टि गर्न नमुना परीक्षण गरिएको जानकारी दिए । 'वीरगन्जका स्थानीय अस्पतालले आरडिटी गरेर हैजा भएको त थाहा पाइसक्नुभएको थियो । कहिलेकाहीँ त्यसमा केही रिजल्ट फरक आउन सक्ने भएकाले थप पुष्टिका लागि यहाँ कल्चर गरिएको हो,'उनले भने ।



### विद्यालयमा थप तीन दिन बिदा दिने निर्णय

वीरगञ्ज महानगरपालिकाले देखिएको हैजाको संक्रमणलाई मध्यनजर गर्दै विद्यालयमा थप तीन दिन बिदा दिने निर्णय गरेको छ ।

महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले मंगलबार बसेको नगर प्रमुखस्तरीय बैठकको निर्णयानुसार भदौ ११ देखि १३ गते शुक्रबारसम्मका लागि बिदा दिइने बताए । त्यस अवधिमा महानगरअन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको पठनपाठन स्थगित गरिएको उनले जानकारी दिए ।

महानगरले बिदा अवधिमा शिक्षक तथा कर्मचारीहरूको टोली बनाई विद्यालय सेवा क्षेत्रभित्र रहेका समुदायमा हैजा नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यहरू सञ्चालन गर्न शिक्षक तथा कर्मचारीलाई परिचालन गर्न गराउन अनुरोध गरेको छ । यसअघि यहाँ आइतबार र सोमबार बिदा दिइएको थियो ।


## मलेसियामा रोजगार

कम्पनी : TOP GUARDS SECURITY & CONSULTANCY SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०१/२४ — चलानी नं.: ६०२३७२२८ — L.T. No.: 322824 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५६,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ भदौ १८ गते (3 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BHUGOL OVERSEASE PVT. LTD.
Dhapashi, Kathmandu, Tel: 4386552, 4386195
Email: admin@bhugoloverseas.com, Web.: www.bhugoloverseas.com
Gov. Lic No. 1049/073/074

## कतारमा रोजगार

कम्पनी : THINK MOVE TRADING CONTRACTING & SERVICE — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/१० — चलानी नं.: ६०२४३७९१ — LT. No.: 329944

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUSINESS EXECUTIVE | 1 | 0 | स. काममा दक्ष | 2500 | ९५९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 4 | 0 | | 1200 | ४६०३२ | | | | | | | |
| 3. | Cleaners/Housekeeping | 0 | 5 | | 1000 | ३८३६० | | | | | | | |
| 4. | Driver | 1 | 0 | | 1500 | ५७५४० | | | | | | | |
| 5. | Labour | 8 | 0 | | 1000 | ३८३६० | | | | | | | |
| 6. | Mason | 4 | 0 | | 1200 | ४६०३२ | | | | | | | |
| 7. | Mason. | 5 | 0 | | 1200 | ४६०३२ | | | | | | | |
| 8. | Plumber | 3 | 0 | | 1200 | ४६०३२ | | | | | | | |
| 9. | Receptionist | 0 | 2 | | 1400 | ५३७०४ | | | | | | | |
| 10. | Sales Executive | 1 | 0 | | 2200 | ८४३९२ | | | | | | | |
| 11. | Sales Superviser | 1 | 0 | | 2500 | ९५९०० | | | | | | | |
| 12. | Salesman | 1 | 0 | | 1500 | ५७५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १८ गते (3 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

CHANDRAMA GROUP OF COMPANY PVT.LTD
Contact: 01- 4116658, 9803735475, Email: info@chandramagroup.com, rajachandramagroup@gmail.com, Sinamangal-9, KATHMANDU, Nepal
Govt. Lic. No. 1757/081/082

## कतारमा रोजगार

कम्पनी: EBLA SERVICE HOSPITALITY — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८२/०५/१० — चलानी नं.: ६०२४३७९२ — LT. No.: 329942

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SERVICES AGENT | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 0 | 2 | | 1000 | ३८,३६० | | | | | | | |

कम्पनी: HOUSE OF TEA RESTAURANT — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८२/०५/१० — चलानी नं.: ६०२४३७९३ — LT. No.: 329943

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT COOK | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cafe Waiter | 1 | 0 | | 1500 | ५७५४० | | | | | | | |
| 3. | CHAWARMA MAKER | 2 | 0 | | 1500 | ५७५४० | | | | | | | |
| 4. | Cook General | 2 | 0 | | 1500 | ५७५४० | | | | | | | |
| 5. | Salad Maker (Cook) | 3 | 0 | | 1500 | ५७५४० | | | | | | | |
| 6. | Waiter | 3 | 0 | | 1400 | ५३७०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १८ गते (3 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRATIK HUMAN RESOURCE PVT. LTD.
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092, 9813467879, 9810171570
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com
श्रम इजाजत नं. १५४१/०७८/०७९

## साउदीमा रोजगार

कम्पनी : ABDULLAH DHIRMAN AL-AJMI FOR COMMERCIAL SERVICES — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०५/१० — चलानी नं.: ६०२४३७८९ — LT. No.: 329951

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chimneys Cleaner Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ १८ गते (3 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9847275969, 9801232406
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६

## सम्पादकीय

# संविधानले नचिन्ने संस्था नथप

नेपालको संविधान २०७२ मा संघीय संरचनामा जिल्ला प्रशासन कार्यालय रहनेबारे केही बोलिएको छैन । अभ्यासमा रहेको संरचनाबारे संविधानमा बोलिँदैन भने त्यसलाई अगाडि बढाउन खोजेको होइन भन्ने प्रस्ट बुझिन्छ । तर संविधान जारी भएको एक दशक हुँदासमेत जिल्ला प्रशासन कार्यालय यथावत् छँदै छ । यो संस्था रहनुको पछाडि प्रहरी समायोजन हुन नसकेको भनिएला । प्रहरी समायोजन नगरेको कसले ? सहज जवाफ छ– संघीय सरकारले प्रहरी समायोजनका लागि आवश्यक प्रक्रिया नै अगाडि बढाएको छैन । परिणाममा संविधानतः प्रदेश सरकारले पाएको सुरक्षाको अधिकार अभ्यासमा आउन सकेको छैन । प्रदेशलाई प्रहरी चलाउने अधिकार दिएर संविधान कार्यान्वयन गर्दै अगाडि बढ्नुको साटो संघीय सरकार संविधानले नचिन्ने जिल्ला प्रशासन कार्यालयसँग समन्वयमा रहने गरी इलाका प्रशासन कार्यालयको संख्या थप्ने कार्यमा तल्लीन देखिन्छ ।

एकातिर संविधान कार्यान्वयनमा तदारूकता नदेखाउने अर्कोतिर संविधानले नचिन्ने संरचनालाई थप विस्तार गर्ने कार्यमा संघीय मन्त्रिपरिषद् नै लागेको देखिन्छ । सोमबार बसेको मन्त्रिपरिषदको बैठकले २३ वटा इलाका प्रशासन कार्यालय थप्ने निर्णय गरेको छ । गृह मन्त्रालयबाट अगाडि बढेको यो प्रस्ताव मन्त्रिपरिषद् बैठकबाट मन्त्रिपरिषद्कै प्रशासन समितिमा पुगेको छ । अब प्रशासन समितिले मन्त्रिपरिषद्बाट प्राप्त प्रस्तावमा आवश्यक छलफल गरी कार्यान्वयनमा अगाडि बढाउँछ । अर्थात् चालू आर्थिक वर्षभित्रै नेपालमा २३ वटा इलाका प्रशासन कार्यालय थपिनेछन् । यो क्रम यहीँ रोकिने छैन । आन्तरिक स्रोत व्यवस्थापन गरेर तराईदेखि उच्च हिमाली भेगसम्म अझै इलाका प्रशासन कार्यालय थप गर्नेगरी गृह मन्त्रालय अगाडि बढिरहेको छ । सरकारको यस्तो कार्य संविधानसँग मेल खाइरहेको छैन । सेवा प्रवाहलाई थप सहज र सरल बनाउने भनेर संघीय सरकार संघीय संरचना थपेर प्रदेश र स्थानीय सरकारलाई कमजोर बनाउने प्रयासमा देखिन्छ । यसले शक्ति विकेन्द्रीकरण गरेर शासन सञ्चालन हुने संविधानको मूल मर्ममै प्रहार गरेको छ ।

एकातिर संविधानमाथि प्रश्न उठाउनेहरू बढेका छन् । त्यस्तो प्रश्न पन्छाउन सरकार र सत्तारूढ दलका नेताहरू व्यवस्था रक्षाको भाषण गरिरहेका छन् । अर्कोतिर संविधान कार्यान्वयनमा संघीय सरकार नै दतारूकता देखाइरहेको छैन । सत्तापक्षको यस्तो दोहोरो चरित्रले तोडिन आवश्यक छ । संविधान कार्यान्वयन गरेर कमजोर पक्ष सुधार्न लाग्नुको विकल्प छैन । यसकारण संविधानले  नचिन्ने संस्था थप्ने कार्य बन्द गरियोस् । अन्यथा, नागरिक आक्रोश बढ्न सक्छ ।

# राजनीतिमा वैकल्पिक शक्ति किन ?

*नेपालमा पछिल्ला वर्षहरूमा विभिन्न वैकल्पिक शक्ति जन्मिएका छन् । कतिपय टिके, कतिपय गुम भए । तर तिनको उपस्थितिले परम्परागत दलहरूलाई चेताउने काम भने गरिरहेकै छ...*

**अग्रलेख**



● शम्भू पनेरू

विश्व राजनीति हेर्दा, एक समान सत्य प्रस्ट देखिन्छ– कुनै पनि देशमा एउटै राजनीतिक शक्ति वा सीमित दलहरूको नियन्त्रण लामो समयसम्म रहँदा त्यसले जनताको आकांक्षा पूर्णरूपमा सम्बोधन गर्न सक्दैन । शक्ति एकै थलोमा केन्द्रित हुँदा प्रजातान्त्रिक मूल्यहरू कमजोर पर्छन्, जनताभन्दा दलको स्वार्थ हाबी हुन्छ र सामाजिक न्याय तथा समावेशिताको आधार कमजोर बन्छ । त्यसैले राजनीतिक जीवनलाई स्वस्थ, जिम्मेवार र उत्तरदायी बनाउन वैकल्पिक शक्तिको उपस्थिति अपरिहार्य हुन्छ ।

नेपालको सन्दर्भमा हेर्दा पनि दशकौंदेखि दुई-तीन मुख्य धारका दलहरूले शासन सत्ता सम्हाल्दै आएका छन् । तर, यी दलहरूकै कारण मुलुकमा लोकतान्त्रिक अभ्यास निरन्तर भए पनि अपेक्षित सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायका क्षेत्रमा ठूला उपलब्धि हासिल भएको छैन । दलहरू भित्रभित्रै गुटबन्दीमा फसेका छन्, जनताका सवाललाई बेवास्ता गर्दै नेताहरूको व्यक्तिगत महत्वाकांक्षा प्रधान भएको छ । यस्तै, परिस्थितिमा जनतामाझ नयाँ राजनीतिक विकल्पको आवश्यकता झनै तीव्र रूपमा अनुभूत हुन्छ ।

वैकल्पिक शक्ति आवश्यक हुने पहिलो कारण नै जिम्मेवारीको प्रश्न हो । पुराना दलहरूले निरन्तर सत्ता सम्हाल्दा उनीहरूमा जबाफदेहीपन हराउँदै जान्छ । जनताले भोगेका समस्या उनीहरूको प्राथमिकतामा पर्दैनन् । तर, नयाँ शक्ति प्रवेश गर्दा पुरानाहरू पनि सचेत बन्न बाध्य हुन्छन् । प्रतिस्पर्धीको डरले उनीहरू जनमुखी नीतिहरू ल्याउन र व्यवहारमै परिवर्तन गर्न बाध्य हुन्छन् । यसरी वैकल्पिक शक्ति केवल नयाँ दलको उदय मात्र नभई स्थापित दललाई पनि जनउत्तरदायी बनाउने दबाब स्वरूप देखा पर्छ ।

मुलुकको राजनीतिक संस्कृतिलाई स्वच्छ बनाउन वैकल्पिक शक्ति अपरिहार्य हुन्छ । लामो समयदेखि चल्दै आएका राजनीतिक दलहरूमा भ्रष्ट्राचार, नातावाद, गुटबन्दी र पद प्राप्तिको लहर गहिरो रूपमा जमिसकेको हुन्छ । यस्तो संस्कृतिले राजनीति जनसेवाभन्दा व्यक्तिगत धन्दामा परिणत गरिदिन्छ । जब वैकल्पिक शक्ति मैदानमा आउँछ, उसले आफूलाई भिन्न र स्वच्छ देखाउने प्रतिस्पर्धा गर्छ । यसरी राजनीति सेवा र इमानदारीको बाटोमा फर्किन बाध्य हुन्छ ।

सामाजिक र वर्गीय प्रतिनिधित्वलाई सन्तुलनमा ल्याउन पनि वैकल्पिक शक्ति आवश्यक छ । प्रायः परम्परागत दलहरूमा ठूला जात, ठूला वर्ग वा आर्थिक रूपमा सबल समुदायकै वर्चस्व हुन्छ । यसरी सीमित वर्गले मात्र राज्यसत्ता नियन्त्रण गर्दा सीमान्तकृत, वञ्चित, गरिब, ग्रामीण वा युवा समुदायहरूको आवाज दबिन्छ । वैकल्पिक शक्ति भने ती समूहहरूको प्रतिनिधि बन्दै मैदानमा उत्रिन्छ । यसरी राजनीति धेरै फराकिलो दायरामा प्रवेश गर्न थाल्छ, जसले लोकतन्त्रलाई साँच्चै सर्व समावेशी बनाउन मद्दत पुऱ्याउँछ ।

नीतिगत नवीनता ल्याउन पनि वैकल्पिक शक्ति अपरिहार्य हुन्छ । पुराना दलहरू प्रायः आफ्ना स्थापित विचार र नीति-कार्यक्रममै अड्किन्छन् । समय र परिस्थितिअनुसार परिमार्जन गर्न उनीहरू ढिलो गर्छन् । तर, नयाँ शक्ति उदाएपछि उसले नयाँ सोच, नयाँ दृष्टिकोण र नयाँ कार्यशैली प्रस्तुत गर्छ । यसरी कृषि, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, रोजगारी, विदेश नीति जस्ता क्षेत्रमा ताजा विचार आउँछ, जसले मुलुकलाई समसामयिक आवश्यकताअनुसार अगाडि बढ्न सहयोग गर्छ ।




जनतामा आशा र उत्साह जगाउन पनि वैकल्पिक शक्तिको उपस्थिति आवश्यक हुन्छ । लामो समयदेखि एउटै दल वा नेताले शासन गर्दा जनता निराश, असहाय र उदासीन बन्न सक्छन् । जनतामा राजनीतिक प्रणालीप्रति आस्था घट्दै जान्छ । तर, नयाँ विकल्प देखिँदा तिनलाई फेरि आशा पलाउँछ, शायद यो दल वा यो नेतृत्वले परिवर्तन ल्याउँछ । यो आशा लोकतन्त्रको ज्यान हो, जसले जनतालाई निरन्तर सक्रिय र सचेत राख्छ ।

नेपालमा पछिल्ला वर्षहरूमा विभिन्न वैकल्पिक शक्ति जन्मिएका छन् । कतिपय टिके, कतिपय गुम भए । तर, तिनको उपस्थितिले परम्परागत दलहरूलाई चेताउने काम भने गरिरहेकै छ । जस्तै, नयाँ पुस्ताले नेतृत्व गरेका केही दलहरू संसदमा पुग्दा पुराना दलहरूलाई पनि युवालाई मौका दिन दबाब बढ्यो । यस्तै, भ्रष्टाचारविरुद्धको आवाज उच्चारण गर्दा ठूला दलहरूलाई पनि केही हदसम्म सुधारको प्रयास गर्नुपरेको देखिन्छ ।

यद्यपि, वैकल्पिक शक्तिको मात्र उदय पर्याप्त हुँदैन । त्यसले जनताको विश्वास जित्न व्यवहारमै फरकपन देखाउनुपर्छ । यदि नयाँ शक्ति पनि समयसँगै पुरानै शैलीमा गुटबन्दी, नातावाद र भ्रष्ट्राचारमा डुब्यो भने त्यो विकल्प होइन, पुनः निराशा मात्र बन्न पुग्छ । त्यसैले नयाँ शक्तिले आचारसंहिता, पारदर्शिता, जबाफदेहिता, समावेशिता र इमानदारीलाई आधार बनाएर अघि बढ्न जरुरी हुन्छ ।

> *राजनीतिमा वैकल्पिक शक्ति केवल नयाँ दलको उदय होइन, लोकतन्त्रलाई निरन्तर जीवित राख्ने आवश्यक तत्व हो । यसले शासनलाई जबाफदेही बनाउँछ, राजनीतिक संस्कृतिलाई शुद्ध बनाउँछ, सीमान्तकृत समुदायको आवाजलाई सम्बोधन गर्छ, नयाँ विचार ल्याउँछ र जनतामा आशा जगाउँछ...*

अन्ततः, लोकतन्त्रलाई बलियो बनाउने सबैभन्दा ठूलो ग्यारेन्टी नै निरन्तर विकल्पको उपलब्धता हो । जब जनतासँग विकल्प हुन्छ, उनीहरू कुनै पनि दल वा नेतामाथि अन्धभक्ति राख्दैनन् । उनीहरूले गल्ती गर्नेहरूलाई सजिलै छाडेर अर्को विकल्प रोज्न सक्छन् । यसले राजनीतिलाई स्थायी रूपमा स्वच्छ, प्रतिस्पर्धात्मक र जनमुखी बनाएर राख्छ ।

यसरी, राजनीतिमा वैकल्पिक शक्ति केवल नयाँ दलको उदय होइन, लोकतन्त्रलाई निरन्तर जीवित राख्ने आवश्यक तत्व हो । यसले शासनलाई जबाफदेही बनाउँछ, राजनीतिक संस्कृतिलाई शुद्ध बनाउँछ, सीमान्तकृत समुदायको आवाजलाई सम्बोधन गर्छ, नयाँ विचार ल्याउँछ र जनतामा आशा जगाउँछ । त्यसैले नेपालको राजनीतिक यात्रा अझै कठिनाइपूर्ण भए पनि वैकल्पिक शक्तिको आवश्यकता कहिल्यै कम हुँदैन । बरु हरेक पुस्ताले आफ्नो समय र परिस्थिति अनुसार नयाँ शक्ति निर्माण गर्ने सामर्थ्य देखाउनुपर्छ, जसले मुलुकलाई स्थिर, समृद्ध र न्यायपूर्ण भविष्यतर्फ डोऱ्याउन सक्छ ।

## इतिहासमा आज

२७ अगस्ट १९९२ मा एरोफ्लोट विमान २८०८ उजेस्कितानको इभानोभो युझ्नी विमानस्थल नजिकै दुर्घटनाग्रस्त भएको थियो । जसमा सवार सबै ८४ जनाको मृत्यु भएको थियो ।




२७ अगस्ट २००३ मा उत्तर कोरियाली आणविक हतियार कार्यक्रमको सुरक्षा चिन्ताको शान्तिपूर्ण समाधान खोज्न दक्षिण र उत्तर कोरिया, संयुक्त राज्य अमेरिका, चीन, जापान र रुस सम्मिलित पहिलो वार्ता भएको थियो ।



२७ अगस्ट २०११ मा आँधी आइरेनले संयुक्त राज्य अमेरिकाको पूर्वी तटमा ठूलो क्षति बनाएको थियो । आँधीमा परि ४७ जनाको मृत्यु भएको थियो भने १५.६ अर्ब डलरको क्षति बनाएको थियो ।



२७ अगस्ट १९९१ मा युरोपेली समुदायले इस्टोनिया, लाटभिया र लिथुआनियाका बाल्टिक राज्यहरूको स्वतन्त्रतालाई मान्यता दिएको थियो ।



# पारिस्थितिक प्रणालीको चिन्ता

**विश्व**



● पत्रलेखा चटर्जी

> *जलवायु परिवर्तन एक प्रणालीगत संकट हो, त्यसैले समाधान पनि प्रणालीगत हुनुपर्छ । हिमालयलाई 'टिकटिक गर्ने टाइम बम' भन्नु अतिशयोक्ति होइन । पूर्व चेतावनी प्रणालीदेखि अन्तर्राष्ट्रिय सहकार्यसम्म हाम्रा प्रणालीहरू तत्काल सशक्त बनाइनु जरुरी छ...*

हिमालयको पारिस्थितिक प्रणाली गम्भीर समस्यामा छ र यसका चेतावनीपूर्ण संकेतहरूले आमको ध्यान तानेको छ । भारतको वाडिया इन्स्टिच्युट अफ हिमालयन जियोलोजीद्वारा हालै गरिएको अध्ययनले उत्तराखण्डमा चिन्ताजनक अवस्थाहरु देखाएको छ । विगत एक दशकमा हिमनदीहरूको संख्या १ हजार २६६ बाट बढेर १ हजार २९० पुगेको छ भने हिमनदी तालहरूको क्षेत्रफल ८.१ प्रतिशतले वृद्धि भएको छ । यो विस्तार तीव्ररूपमा हुँदै गएको हिमनदी पग्लनको प्रत्यक्ष परिणाम हो । जसले हिमनदी ताल विस्फोट बाढीको जोखिम उच्च बनाइरहेको छ ।

विगतका भयावह घटनाहरू जस्तै : २०१३ मा चोराबारी ताल विस्फोटबाट उत्पन्न केदारनाथ बाढी (जहाँ ६,००० भन्दा बढी मानिसले ज्यान गुमाए), २०२१ मा सिक्किमको रैनी-तपोवन दुर्घटना र २०२३ मा दक्षिण ल्होनक ताल विस्फोट, यी सबैले विनाशकारी शक्ति स्पष्टरूपमा देखाएका छन् ।

विश्व मौसम विज्ञान संगठनको २०२४ को जलवायु प्रतिवेदनअनुसार, वर्ष २०२४ अहिलेसम्मका सबैभन्दा तातो वर्षहरूमध्ये एक बनेको छ । लगातार बढ्दो तापक्रमले हिमालयका ग्लेशियरहरू खतरनाक गतिमा पग्लिइरहेको छ, जसले नयाँ तालहरूको निर्माण र पुराना तालहरूको विस्तार गरिरहेको छ । विश्व मौसम विज्ञान संगठनले 'तेस्रो ध्रुव' भनेर चिनिने हिमालयको ग्लेशियर द्रव्यमान तीव्र रूपमा घट्दै गएको र समुद्री सतहमा वृद्धिका साथै गंगा, ब्रह्मपुत्र र सिन्धु नदीहरूमा निर्भर करोडौं मानिसहरूको जल आपूर्तिमा खतरा उत्पन्न भइरहेको देखाएको छ ।

उत्तराखण्डमा रहेका करिब ३५० हिमनदी तालहरूले यस जोखिमलाई झनै बढाउँछन् । तीमध्ये पाँच तालहरूलाई उच्च जोखिमको 'श्रेणी ए' मा राखिएको छ, जसको निर्माण खुकुलो मलबाले भएकाले ती अझ अस्थिर छन् ।

विश्व मौसम विज्ञान संगठनको रिपोर्टले देखाउँछ कि जलवायु परिवर्तनका कारण सम्पूर्ण एशियामा चरम मौसमी घटनाहरू तीव्र रूपमा बढिरहेका छन् । २०२४ मा यो क्षेत्रमा तीव्र गर्मी, आँधीबेहरी र बाढीले ठूलो असर पारेको छ । येल क्लाइमेट कम्युनिकेशनको रिपोर्ट अनुसार, २०२४ मा ७१ प्रतिशत भारतीयहरूले तीव्र हीटवेभको अनुभव गरे भने आधाभन्दा बढी जनताले खडेरी, जल प्रदूषण वा कृषि हानि भोगे ।

केरल राज्यको वायनाडमा भएको भूस्खलन, जसमा २२० जनाको मृत्यु भएको थियो । त्यस्ता घटनाहरूमा जलवायु परिवर्तनको प्रभाव १० प्रतिशतले बढेको बताइन्छ । त्यस्तै, हिमालयमा अनियमित मनसुन र उच्च हिमाली क्षेत्रमा बादल फट्ने घटनाहरू, जो पहिले दुर्लभ थिए अब बारम्बार भइरहेका छन् । जसले हिमनदी तालहरूलाई ओभरफ्लो गराउँदै तिनको संवेदनशील हिमोढ पर्खालहरूलाई कमजोर बनाइरहेका छन् । भारतमा मात्रै जलवायु-सम्बन्धी आपदाहरूबाट हुने पूर्वाधार क्षतिको ७० प्रतिशत हिस्सा–वार्षिक ८०० अर्ब डलर बराबर भएको बताइएको छ ।

तर, यी चुनौतीहरूबीच पनि आशाको किरण छ । भारतको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण र सुदूर संवेदन संस्थान जस्ता निकायहरूले टास्क फोर्समार्फत समन्वित प्रयास गरिरहेका छन् । उत्तराखण्ड राज्य विपद् व्यवस्थापन प्राधिकरणले यस वर्ष पिथौरागढ जिल्लामा रहेका चार उच्च जोखिमयुक्त तालहरूको सर्वेक्षण गर्ने योजना बनाएको छ । तालको जलस्तर घटाउन पाइप प्रणाली जडान गर्ने, पूर्व चेतावनी प्रणाली स्थापना गर्नेजस्ता रणनीतिहरूमा काम भइरहेको छ ।

तर, २०२३ को सिक्किम बाढीले प्रचलित चेतावनी प्रणालीहरूको कमजोरी उजागर गऱ्यो । टाढाका र दुर्गम हिमनदी तालहरूको निगरानी अझै पनि जटिल छ । यो समस्या केवल उत्तराखण्डमा मात्र सीमित छैन । २०११ देखि २०२४ सम्मको अवधिमा सम्पूर्ण हिमालय क्षेत्रमा हिमनदी तालहरूको विस्तार १० प्रतिशतभन्दा बढी भएको देखिएको छ ।

विशेषज्ञहरूका अनुसार यदि तत्काल निगरानी र जोखिम न्यूनीकरणका उपायहरू लागू गरिएनन् भने यस्ता घटनाहरू दोहोरिरहने छन् । यसको समाधान भनेको वातावरणीय जोखिमहरूलाई बेवास्ता गर्ने पूर्वाधारहरू 'छैन' भन्नु हो । प्लास्टिक फोहोर र अनियन्त्रित पर्यटन पनि रोक्नु आवश्यक छ । उपग्रह डाटा, भूकम्पीय निगरानी प्रणाली र स्थानीय ज्ञानको संयोजनले जोखिम मूल्यांकनमा सुधार ल्याउन सक्छ । साथै, समुदायको सचेतना र लचिलो पूर्वाधार विकास पनि अत्यावश्यक छ ।

जलवायु परिवर्तन एक प्रणालीगत संकट हो, त्यसैले समाधान पनि प्रणालीगत हुनुपर्छ । हिमालयलाई 'टिक टिक गर्ने टाइम बम' भन्नु अतिशयोक्ति होइन । पूर्व चेतावनी प्रणालीदेखि अन्तर्राष्ट्रिय सहकार्यसम्म, हाम्रा प्रणालीहरू तत्काल सशक्त बनाइनु जरुरी छ । हिमालय करोडौं मानिसहरूको जीवनरेखा हो र बढ्दो हिमनदी तालहरू यस क्षेत्रको भविष्यमाथि आएको स्पष्ट चेतावनी हुन्, जसलाई अब बेवास्ता गर्न सकिँदैन ।


*अमर उज्यालाबाट अनुवादित*

## सामाजिक सञ्जाल



**गोकुल बाँस्कोटा**

लिम्पियाधुरा-लिपुलेकबारे भारत-चीन दुवैको नेपाललाई मतलब नै नराख्ने नीति नेपालका नेता र कूटनीतिज्ञलाई जानकारी नभएको होइन । अहिले प्रमको दुईतिरकै यात्रा स्वर्ण मौका हो । ढुक्कले कुरा गर्ने र सल्टाउने दम अरूमा छैन । मिचाहालाई एक इन्च मिच्न दिए एक माइल मिच्छ भन्ने चिनियाँ उखान छ ।



**गोविन्दराज पोखरेल**

भूमि विधेयक पास भएपछि अव्यवस्थित बसोबास (विशेषगरी राजमार्ग वरिपरि, सहरको बाहिरी भाग, खोला किनारालगायतमा) गरिरहेका करिब ७ लाख परिवारले लालपुर्जा पाउने भए । बेलैमा त्यस्ता ठाउँमा जग्गा प्राप्त गर्नुहुने सबैलाई बधाई । अब बस्तीमा खुला ठाउँ र चक्लाबन्दी गरी कृषि व्यवसायीकरण गर्न बाँकी ।



**जुगल भूर्तेल**

'अरूले उक्साएको भरमा आफूभन्दा शक्तिशालीसँग निहुँ खोजेपछि त्यस्तै हुन्छ, ठिक्क परो' भनेर जेलेन्स्कीलाई उडाउँदै युक्रेनी जनताको त्रासदीमा रमाउने कथित 'बुद्धिजीवी'हरू अहिले एक स्वरले केपी ओलीलाई भड्काई रहेका छन् । कस्तो पाखण्ड !



**बद्री विनोद खनाल**

नम्बर प्लेटको कलरमा एकता हुनुपर्छ । राष्ट्रपति उपराष्ट्रपति, प्रम, प्रन्या, सभामुख, प्रधान सेनापति र प्रहरी प्रमुख बाहेक सबैको एउटै कलरको नम्बर प्लेट राख्नु पर्दछ । त्यसले बदमासी कम हुन्छ । ट्राफिकले नम्बर प्लेट हेरेर कारबाही चलाउने प्रथा रोकिन्छ । थरी थरीका डिजिटल नम्बर प्लेट राखेमा अर्थ छैन ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# माथिल्लो डोल्पाको 'धो'मा इलाका प्रशासन कार्यालय स्थापना गरिँदै

**मध्यान्ह संवाददाता**
डोल्पा, १० भदौ



हिमाली जिल्ला डोल्पाको माथिल्लो क्षेत्रका लागि इलाका प्रशासन कार्यालय राखिने भएको छ ।

माथिल्लो डोल्पाका नागरिकले सदरमुकामसम्मको लामो यात्रा र प्रशासनिक सास्ती भोग्नुपरेको समस्यालाई कम गर्ने उद्देश्यले सरकारले नयाँ इलाका प्रशासन कार्यालय थप्ने तयारी गरेको छ ।

उपल्लो डोल्पाको भौगोलिक विकटता, दुर्गम बस्ती, सडक सञ्जालको पहुँचसँगै यातायातको सुविधा नहुनु र लामो दूरीका कारण सामान्य नागरिकलाई नागरिकता, राहदानी, निवेदन दर्ता, प्रमाणपत्र र अन्य प्रशासनिक सेवाका लागि दिनहुँ पैदल हिँडेर ज्यान नै जोखिममा राखी सदरमुकाम दुनै पुग्नुपर्ने बाध्यता रहेको छ ।

सोही बाध्यतालाई मध्यनजर गर्दै सरकारले माथिल्लो डोल्पाको डोल्पो बुद्ध गाउँपालिकाको प्रशासनिक केन्द्र समेत रहेको धो उपत्यकामा इलाका प्रशासन कार्यालय राख्ने तयारी गरेको हो ।

ग्रामीण भेगमा रहेका नागरिकलाई प्रशासनिक सेवा सहज रुपमा उपलब्ध गराउने उद्देश्यले गृह मन्त्रालयले डोल्पासहित देशभर २३ स्थानमा नयाँ इलाका प्रशासन कार्यालय स्थापना गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेको छ ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण(ओएन्डएम) प्रतिवेदनका आधारमा गृह मन्त्रालयले उक्त प्रस्ताव मन्त्रिपरिषदमा पेस गरेको हो । सोमबारको मन्त्रिपरिषद्ले गृह मन्त्रालयको प्रस्ताव स्वीकृत गर्दै मन्त्रिपरिषद्को प्रशासन समितिमा पठाएको छ ।

माथिल्लो डोल्पामा इलाका प्रशासन राख्ने तयारी सरकारले गरेसँगै स्थानीय तहका पदाधिकारीहरूले समेत यस निर्णयलाई ऐतिहासिक कदम भनका छन् ।

डोल्पोबुद्ध गाउँपालिकाका अध्यक्ष कार्मा छोइवेल गुरुङका अनुसार संघीयताको मर्मअनुरूप आधारभूत सेवा गाउँघरमै प्राप्त हुनु नागरिकको अनिवार्य अधिकार हो । उनले भने, 'नागरिकता बनाउन हप्ता दिन लगाएर हजारौं रुपैयाँसम्म खर्च गर्नुपरेको छ । खान, बस्न र आवतजावतसमेत जोड्दा त्यो रकम स्थानीयले बोक्न सक्ने छैनन् । इलाका प्रशासन कार्यालय स्थापना भएमा यो खर्च बच्नेछ र माथिल्लो डोल्पाका नागरिकले सहज अनुभूतिको महसुस गर्नेछन् ।'

यसैबीच, गृह मन्त्रालयले २०७४ को कार्यविभाजन नियमावली र निजामती सेवा ऐन बमोजिम गृह मन्त्रालय तथा मातहतका निकायहरुको संगठन पुनरावलोकन गरी, मन्त्रालयकै दरबन्दीभित्र मिलाएर नयाँ कार्यालय स्थापना गर्ने प्रस्ताव अघि बढाएको छ । मन्त्रालयका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित कार्यदलले नेपाल सरकार, मन्त्रिपरिषद् र अर्थ मन्त्रालयबाट आवश्यक पूर्वस्वीकृति लिएर प्रतिवेदन तयार पारेको हो ।

यो प्रतिवेदन अनुसार डोल्पासँगै इलाका प्रशासन कार्यालय स्थापना गर्न सिफारिस गरिएका स्थानहरूमा इलाका प्रशासन कार्यालय सिरिजंगा ताप्लेजुङ, इलाका प्रशासन कार्यालय हलेसी खोटाङ, इलाका प्रशासन कार्यालय घोराखोरी ओखलढुंगा, इलाका प्रशासन कार्यालय सुखिपुर सिरहा, इलाका प्रशासन कार्यालय धनुषाधाम धनुषा, इलाका प्रशासन कार्यालय बलरा सर्लाही, इलाका प्रशासन कार्यालय पोखरिया पर्सा, इलाका प्रशासन कार्यालय दुधौली सिन्धुली, इलाका प्रशासन कार्यालय टोखा काठमाडौं, इलाका प्रशासन कार्यालय खत्याड, मुगु, इलाका प्रशासन कार्यालय रास्कोट कालीकोट, इलाका प्रशासन कार्यालय कोल्टी बाजुरा, इलाका प्रशासन कार्यालय देउरा बझाङ, इलाका प्रशासन कार्यालय साफेबगर अछाम, इलाका प्रशासन कार्यालय विपिनगर डोटी, इलाका प्रशासन कार्यालय गोकुलेश्वर दार्चुला, इलाका प्रशासन कार्यालय मेलौली बैतडी, इलाका प्रशासन कार्यालय हेदङ्गवा संखुवासभा, इलाका प्रशासन कार्यालय गैडहवा रुपन्देही, इलाका प्रशासन कार्यालय भिमाद तनहुँ, इलाका प्रशासन कार्यालय शितगंगा, अर्घाखाँची, इलाका प्रशासन कार्यालय खैरहनी चितवन रहेका छन् ।

प्रशासनिक सेवा गाउँगाउँमा पुऱ्याउने अभियान सरकारको प्राथमिकता अनुसार इलाका थप गरिएको मन्त्रालय स्रोतले जनाएको छ । जनताको शान्ति, सुरक्षा र सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएको विषयमा गृह मन्त्रालय सकरात्मक पहलमा रहेको भन्दै उपयुक्तताका आधारमा धेरै ठाउँबाट आएको मागलाई समेत ध्यानमा राखेर थप गरिएको जनाइएको छ ।

यी इलाका प्रशासन कार्यालय स्थापना भएमा करिब तीन लाखभन्दा बढी व्यक्तिहरुले प्रत्यक्ष सुविधा पाउनेछन् । २०७५ सालदेखि माग भई आएका इलाका प्रशासन कार्यालयहरु थप्ने योजना यसपटक सफल हुन लागेको हो । कार्यदलमा गृह मन्त्रालयका तत्कालिन प्रशासन महाशाखा प्रमुख एवं हाल काठमाडौंका प्रजिअ छविलाल रिजालको संयोजकत्वमा अध्यागमन विभागका तत्कालिन महानिर्देशक गोविन्द प्रसाद रिजाल, कारागार व्यवस्थापन विभागका तत्कालिन महानिर्देशक नारायण प्रसाद भट्टराई, अर्थ मन्त्रालयका उपसचिव केशव उप्रेती, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव रुपनारायण खतिवडा र गृह मन्त्रालयकै प्रशासन शाखा प्रमुख एवं उपसचिव सुरेशराज जोशी सदस्य सचिवका रूपमा रहेका थिए ।

# 'लुम्बिनी र चीनको सान्सी प्रान्तबीच सहकार्य आवश्यक'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, १० भदौ




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले चीनको सान्सी प्रान्तसँगको सम्बन्धले आगामी दिनमा दुई देशका जनतालाई अझ नजिक ल्याउने सेतुको भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेका छन् ।

चीनस्थित शान्सी प्रान्त जनसभाका उपसभामुख चाङ चिछ्वानको नेतृत्वमा आएको जनकंग्रेस प्रतिनिधिमण्डलसँग मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय राप्ती उपत्यका(देउखुरी) मा मंगलबार भएको शिष्टाचार भेटमा मुख्यमन्त्री आचार्यले पर्यटन, संस्कृति, हरित विकास, स्मार्ट सहर निर्माण, कृषि व्यवसायीकरण, शिक्षा तथा सीप विकासजस्ता क्षेत्रमा सहकार्यको आवश्यकता रहेको बताए । मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशमा पर्ने जीतगढी किल्ला, निग्लीहवा, तिलौराकोट, रामग्रामलगायतका ऐतिहासिक तथा धार्मिक स्थललाई बौद्ध सांस्कृतिक केन्द्रका रूपमा विकास गर्न चीनसँग सहकार्य गर्न सकिने धारणा राखे । उनले मोनोरेल सञ्चालन पनि आपसी सहकार्यबाट अघि बढाउन सकिने प्रस्ताव गरे ।

चीनका राष्ट्रपति सी चिनफिङले २०१९ मा नेपालको भ्रमणका क्रममा लुम्बिनी क्षेत्रलाई नेपाल-चीन सम्बन्धको महत्वपूर्ण आधारका रूपमा विशेष उल्लेख गरेको स्मरण गर्दै मुख्यमन्त्री आचार्यले साझा इतिहास, संस्कृति र मित्रतालाई अझ बलियो बनाउन दुवै प्रदेशले मिलेर काम गर्नुपर्नेमा जोड दिए । उनले लुम्बिनी प्रदेशको राजधानी क्षेत्रमा सांस्कृतिक तथा नदी सभ्यतामा आधारित नमुना शहर निर्माण गर्ने योजना रहेको, हरित ऊर्जाको प्रयोग, वातावरणमैत्री यातायात र कृषि-उद्योग विकासका क्षेत्रमा सहकार्य गर्न प्रदेश इच्छुक रहेको जानकारी दिए ।

त्यसैगरी, शैक्षिक सुधारका लागि शिक्षक-विद्यार्थी आदानप्रदान, तालिम तथा प्रविधि हस्तान्तरणका कार्यक्रम सुरु गर्न सकिने उल्लेख गर्दै त्यसका लागि लुम्बिनी प्राविधिक विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयले मिलेर अघि बढाउन सक्ने जानकारी दिए । उनले कृषिलाई जैविक प्रणालीबाट व्यवसायीकरण गर्ने, जडीबुटी खेतीलगायतका क्षेत्रमा पनि दुई छिमेकी प्रदेशबीच आपसी हितमा सहकार्य गर्न सकिने विश्वास व्यक्त गरे ।

भेटका क्रममा शान्सी प्रान्त जनसभाका उपसभामुख चाङ चिछ्वानले दुई पक्षबीच गहन छलफल भएको उल्लेख गर्दै पर्यटन पूर्वाधार, स्मार्ट सिटी निर्माण, सौर्य तथा वायु ऊर्जा, प्राविधिक शिक्षा, सीपयुक्त जनशक्ति विकास, वनस्पति तथा जडीबुटी प्रशोधनलगायतका क्षेत्रमा सहकार्य अघि बढाउन सकिने बताए । भेटवार्तामा लुम्बिनी प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले प्रदेशका मुख्य प्राथमिकता क्षेत्रहरू पूर्वाधार विकास, दिगो पर्यटन तथा सम्पदा प्रवर्द्धन, कृषि तथा कृषि-व्यवसाय आधुनिकीकरण, औद्योगिकीकरण र व्यापार प्रवर्द्धन, हरित विकास, मानव पूँजी विकास, निजी क्षेत्रको संलग्नता र लगानी तथा सुशासन र नीतिगत सुधारबारे जानकारी दिए ।

# एनआरएनए मलेसियाको महासचिवमा शर्माको उम्मेदवारी घोषणा

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, १० भदौ



गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाको महासचिव पदमा प्रमोद शर्माले उम्मेदवारी दिने भएका छन् ।

एनआरएनए मलेसियाको २०२५-२०२७ कार्यकालका लागि नवौं महाधिवेशन अगस्ट ३१ मा हुने तय भएसँगै जाम्बियामा २०१३-२०१५ र २०१५-२०१७ दुई कार्यकाल महासचिव भएर २०१७-२०२१ एक कार्यकाल अध्यक्ष भएर काम गरिसकेका शर्माले महासचिवमा उम्मेदवारी दिने भएका हुन् । चार वर्षयता मलेसियामा रहेका श्रमिकहरूको सुख दुःख बुझेका समाजसेवी युवा शर्माले २०२५-२०२७ कार्यकालको महासचिव पदमा उमेदवारी दिने घोषणा गरेका हुन् ।

जाम्बियामा विभिन्न संघसंस्थासँग आबद्ध रहेर काम गरिसकेका शर्मा अहिले वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा कार्यरत छन् । शर्मा मलेसियामा रहेका नेपालीहरूबीच आपसी भाइचारा तथा एकताको भावना जगाउँदै समाजसेवामा निरन्तर लागिरहेका छन् ।

# कतारमा गाउँको झझल्को दिने तिज कार्यक्रम

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १० भदौ



कतारमा गाउँको झल्को दिने दर खुवाउने तथा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । गण्डकी प्रदेश समन्वय परिषद्ले आफू मातहतका जिल्लाहरूसँग मिलेर आयोजना गरेको 'आन्तरिक भेटघाट एवं दर खुवाउने कार्यक्रम'मा गाउँको झल्को देखिएको थियो । विभिन्न शैलीमा नाचगान गरेर रमाइलो गर्ने प्रचलन रहे पनि परिषद्ले सोमबार साँझ आयोजना गरेको दर कार्यक्रम विशुद्ध अर्गानिक तथा परम्परागत थियो ।

परिषद्ले फूलबारी रेस्टुरेन्टको सभा हलमा बीचमा बसेर पलेटी कसेर गीत गाउने बन्दोबस्त मिलाएपछि गायिका तारा बिसीले 'परदेशको ठाउँमा आमा, नआए नि हुन्थ्यो तिज पनि' भनेर गीत गाउन पलेटी कसिन् । बिसीले गाउन थालेलगत्तै परिषद्का उपाध्यक्ष कल्याण थापाले लमजुङका साहित्यकार सिताराम थापाले लेखेको तिज गीत गाउन अनुरोध गरेपछि "सुन्नु होला दिदी बहिनी, सुन्नु होला दाजु भाइ, परदेशी छोरीको व्यथा बरि लै' भन्दै गाउन सुरु गरिन् । कलिलै उमेरमा विवाह भए पनि श्रीमानले अर्की श्रीमती भित्र्याएपछि छोराछोरी पाल्नकै लागि आजाद भिसामा विदेश विदेश जान बाध्य आमाको कथा गीतले बोलेपछि बिसीले आफ्नो जीवनसँग मेल खाएको बताइन् । आफू दलालको मिठो बोलीमा परेर कथित आजाद भिसामा कतार आएको उनले गीत गाउने क्रममा बताइन् ।

पछिल्लो समय तिजका गीत युट्युबमा भ्युज र चर्चाका लागि तथा कार्यक्रममा तडक भडक देखाएर मनाउने गरिए पनि परिषद्को कार्यक्रममा गाइएको उक्त गीतले तिज महिलाहरूको दुःख बिसाउने पर्व हो भन्ने पुष्टि गरेको थियो । कार्यक्रम परिषद् कतारका संस्थापक अध्यक्ष आश बहादुर गुरुङको प्रमुख आतिथ्यता तथा परिषद्का अध्यक्ष नन्दलाल बिक (अजय) को सभाध्यक्षतामा सम्पन्न भएको थियो । उपस्थित सबैलाई स्वादिष्ट दर खुवाउँदै सांगीतिक माहोलका बीचमा सम्पन्न कार्यक्रममा सुधा परियारले स्वागत नृत्य राखेकी थिइन् भने महासचिव मन प्रसाद राना मगरले कार्यक्रमको सहजीकरण गरेका थिए ।

**तिजको महत्व**

तिज पारम्परिक, सांस्कृतिक, सामाजिक तथा धार्मिक महत्त्व बोकेको पर्व हो । हरित र आलिका मिलेर हरितालिका बनेको हो । जसमा हरित भनेको हरण गरेर र आलिका भनेको सखीहरू भन्ने हुन्छ । अर्थात् सखीहरूबाट हरेर महादेवलाई पाउनको लागि पार्वतीले तपस्या गर्दा सफल भएकोले तिज पर्वलाई हरितालिका तिज भनिन्छ । हिन्दु धार्मिक ग्रन्थअनुसार राजा हिमालयले आफ्नी छोरी पार्वतीको कन्यादान भगवान् विष्णुसँग गरिदिने वचन पार्वतीलाई मन नपरेपछि आफूले मन पराएको वर पाउन जङ्गल गएर शिवजीको तपस्या गर्न थालिन् ।

पार्वतीले घोर तपस्या गर्दा पनि फल नपाउँदा एक दिन उनले शिवलिङ्गको स्थापना गरी पानी पनि नपिई निराहार व्रत बसिन् । यसरी पार्वतीको कठोर बर्तको कारण शिवजी प्रकट भई 'चिताएको कुरा पुगोस्' भनी आशीर्वाद दिएपछि शिव र पार्वतीको विवाह हुन पुग्यो । त्यो दिन भाद्र शुक्ल तृतीयाको दिन थियो । सोही तिथिदेखि हिन्दु नारीहरूले यस दिनलाई उत्सवका रूपमा मनाउन थालेका हुन् ।


## भुल सुधार

मिति २०८२/०५/१० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदी र कतारमा रोजगार शिर्षक कम्पनीको नामः **JADDARAH RECRUITING CO, पूर्व स्वीकृत मितिः २०८०/०९/१३ चलानी नं.: ६०२१२४३०, पूर्व स्वीकृत मितिः २०८१/०९/१२** र **L.T. No.:297340,** कम्पनीको नामः **AL-SHALAWI INTERNATIONAL TRADING AND CONTRACTING, पूर्व स्वीकृत मितिः २०८१/०६/२० चलानी नं.: ६०२२६७३०, L.T. No.:311887** र कम्पनीको नामः **ECOVERT FM WLL, पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७४७२, L.T. No.:323490** को पुन विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १७ गते **(2 September 2025)** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**AL NASEER OVERSEAS PVT. LTD.** Gov. Lic No. 141/055/056
Sinamangal-9, Kathmandu, Nepal Tel.: 01-4116686,014566772,014566771,
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com Web.: www.anoverseas.com



## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

सुरज महतोको नाति, राम वरण महतोको छोरा, रौतहट जिल्ला, दुर्गाभगवती गा.पा. वडा नं. ०४ बस्ने, यस बैंकको दुर्गाभगवती शाखा कार्यालयको खातावाला राजेन्द्र महतो सुडीको मिति २०८२।०२।२५ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी जनकिया देवीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



## अभियान बहुउद्देश्यीय सहकारी संस्था लि.
*नयाँबानेश्वर-३१, काठमाडौं*

## १९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना !!!

*यस सहकारी संस्थाको संचालक समितिको मिति २०८२/०५/०१ गतेको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा हुने १९ औं बार्षिक साधारण सभामा उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा यो सूचना प्रकाशति गरिएको छ ।*

**कार्यक्रमः**
मितिः २०८२/०६/०४ गते
स्थानः संस्थाको कार्यालय, नयाँबानेश्वर, काठमाडौं
समयः विहान १०:०० बजे ।

**प्रस्तावहरूः**
१. विभिन्न प्रतिवेदनमाथि छलफल र पारित गर्ने ।
२. २०८१/८२ को लेखा परिक्षण प्रतिवेदन पारित गर्ने ।
३. कार्यविधिहरु पारित ।
४. निर्वाचन सम्बन्धमा ।
५. चालू वर्षको बजेट तथा कार्यक्रम अनुमोदन गर्ने ।
६. निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यको नाम छनौट ।
७. विविध ।

आज्ञाले सचिव
**विष्णुबहादुर कार्की**



## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०५/११**

**कुहा सर्भिस प्रा. लि.** को मिति २०८२/०४/२२ गतेमा सम्पन्न सधारण सभा/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एङ्गेलोस ग्रुप प्रा.लि. (प्रा.लि. नं.: २९५७४४)** र साविकको ठेगाना **काठमाडौं महानगरपालिका-९** लाई परिवर्तन गरि **ललितपुर महानगरपालिका-१५** कायम गर्ने गरी मिति २०८२/०४/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## भोटखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**हटिया, सङ्खुवासभा**
**कोशी प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/११**

भोटखोला गाउँ कार्यपालिकाको कार्यालय हटिया, सङ्खुवासभामा देहायको सख्या र पदहरुमा करार कर्मचारीको आवश्यकता भएकोले यो विज्ञापन प्रकाशित गरिएको छ । ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समय र सो दिन बिदा परेमा भोली पल्ट यस कार्यालयमा आवेदन फारम पेश गर्न सकिने छ ।

| सि .नं. | विज्ञापन नं | पद | तह | माग पद सख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१-०८२/०८३ | मनोसामाजिक परामर्शदाता (महिला मात्र) (Psychosocial Counseller) | सहायक पाचौ | १ जना | १.मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम +२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको । २.मनोविमर्श परामर्श तथा मनोसामाजिक कम्तिमा ६ महिना तालिम लिएको । ३.कम्तिमा ३ वर्ष मनोसामाजिक क्षेत्रमा काम गरेको अनुभव । ४.कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान । |
| २ | ०२-०८२/०८३ | केश कार्यकर्ता (Case worker) | सहायक पाचौ | २ जना | १.मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम +२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको । २.लैंगिक हिंसा सम्बन्धी कम्तिमा ३ वर्ष काम गरेको अनुभव । ३.कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान । |

१. आवेदन दिने स्थानः भोटखोला गाउँ कार्यपालिकाको कार्यालय हटिया, सङ्खुवासभा ।
२. परिक्षा संचालन प्रकृयाः संक्षिप्त सूचि (short list)मा परेकाहरुलाई मात्र लिखित, अन्तरवार्ता र कम्प्युटर सिप परिक्षण ।
३. आवेदन दिने अन्तिम मितिः २०८२/०५/२५ गते, आवेदन फारम www.bhotkholamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ वा भोटखोला गाउँकार्यपालिकाको कार्यालय महिला, बालवालिका तथा जेष्ठ नागरिक शाखाबाट लिन सकिनेछ ।
४. उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको)
५. आवेदन दस्तुर : रु.५००।- भोटखोला गाउँपालिकाको ग्लोवल आई. एम. ई. बैंकमा रहेको - आन्तरिक राजश्व खाता भोटखोला खाता नं १५००४०१००००००८ राजश्व शिर्षक नं १४२२४ मा जम्मा गरेको भौचर ।
६. सेवा सुविधाः स्थानिय सेवाको सहायक पाचौं तहको शुरु स्केल तथा भत्ता ।
७. परिक्षा संचालन मितिः संक्षिप्त सूचि (short list) पश्चात सूचना प्रकाशन गरिने छ ।
८. आवश्यक कागजातः तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, कम्प्यूटर सम्बन्धी अनुभव तथा प्रमाणपत्र, अन्य आवश्यक अनुभव सम्बन्धी कागजातहरु सहित पुर्णरुपमा आवेदन फारम भरेको ।

**(फुर्पु भोटे)**
**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
११ भदौ २०८२ बुधबार
27 August 2025 Wednesday

# ‘गोल्डेन स्टार किड्स एन्ड युथ ट्यालेन्ट सो’मा २८ प्रतियोगी छानिए

**काठमाडौं/मस-** राजधानीमा सम्पन्न अडिसन चरणपछि ‘गोल्डेन स्टार किड्स एन्ड युथ ट्यालेन्ट सो’का लागि २८ जना प्रतियोगी फाइनल चरणमा प्रवेश गरेका छन्।

अडिसनमा ९० भन्दा बढी बालबालिका तथा युवाले गायन, नृत्य, अभिनयलगायत विभिन्न प्रतिभा प्रदर्शन गरेका थिए। तीमध्ये उत्कृष्ट प्रदर्शन गर्ने २८ जनालाई छनोट गरिएको हो। प्रतियोगीहरू गायन, नृत्य, अभिनय, मोडलिङसहितका विधाबाट छनोट भएका छन्।



प्रतियोगिताका इभेन्ट डाइरेक्टर रमेशजंग शाहीका अनुसार यस कार्यक्रमले नेपाली बालबालिका र युवाहरूलाई आफ्ना कला तथा सिर्जनशीलता विश्वसामु गर्वका साथ प्रस्तुत गर्ने अवसर दिने उद्देश्य राखेको छ। उनले यो प्रतिस्पर्धाले नेपाललाई अन्तर्राष्ट्रिय प्रतिभा र फेशन क्षेत्रमा मात्र होइन, विश्वस्तरमा नेपाली युवाहरूले चम्किन सक्ने नयाँ ढोका खोल्ने विश्वास व्यक्त गरे।

छानिएका प्रतियोगीहरूमा गोकुल पोखरेल, राजन बराइली, परिष्णा क्षेत्री, प्रमिशा तामाङ, पुष्पाञ्जली भट्टराई, मनोग्य शर्मा, रुकेश गिरी, आशु ढकाल, प्रियांशु न्यौपाने, प्रीति परियार, नम्रता मैनाली, समीप न्यौपाने, विज-इ-वन, अर्पणा घतानि, सोफिया विष्ट, सुस्मिता नेपाली, विवेक दनुवार, नमुना शाही, रितु सुनार, आँचल तामाङ, रोबिया आचार्य, श्रेया रौनियार, कल्पना महतो, अर्नव लकन्दरी, कुसुम भण्डारी, अल्विन खनाल, रुथ देवी र आयुष घिमिरे रहेका छन्।

प्रतियोगितामा विजयी हुनेले आगामी अक्टोबर ३० देखि नोभेम्बर ४ सम्म टर्कीको एन्टाल्यामा आयोजना हुने प्रतिष्ठित अन्तर्राष्ट्रिय प्रतियोगिता तथा फेशन वीकको सातौँ संस्करणमा नेपालको आधिकारिक प्रतिनिधित्व गर्ने अवसर पाउनेछन्।

कार्यक्रमको कोरियोग्राफी रोजिन शाक्यले गर्नेछन् भने प्रतियोगिताको नेशनल डाइरेक्टर प्रमिला सिलवाल रहेका छन्।

‘गोल्डेन स्टार किड्स एन्ड युथ ट्यालेन्ट शो’ विश्वभरका बालबालिका र युवाहरूलाई एउटै मञ्चमा ल्याउने प्रतिष्ठित अन्तर्राष्ट्रिय कार्यक्रम मानिन्छ। यसमार्फत गायन, नृत्य, अभिनय, मोडलिङदेखि वाद्यवादनसम्मका प्रतिभाहरू प्रस्तुत गरिनेछन्।

प्रतियोगिताका विजेता निर्णायकको मूल्यांकन र जिनो पेमार्फत हुने सार्वजनिक भोटिङका आधारमा तय गरिनेछ। विजेता घोषणा आउँदो भदौ १४ गते हुने पहिलो राष्ट्रिय ट्यालेन्ट शोमा गरिने आयोजकले जनाएका छन्।

उनका अनुसार यस प्रतियोगिताले नेपाली प्रतिभालाई विश्वका प्रतिष्ठित मञ्चहरूमा अभूतपूर्व उपस्थितिको नयाँ यात्रातर्फ अग्रसर गराउनेछ।

# सुप्रिया र माया मिस एन्ड मिसेस गुरुङ घोषित



**काठमाडौं/मस-** ‘मिस एन्ड मिसेस गुरुङ २०८२’को उपाधि सुप्रिया गुरुङ र माया गुरुङले जितेका छन्। सोमबार राजधानीस्थित नेपाल पुलिस क्लबमा सम्पन्न फाइनल प्रतिस्पर्धामा उनीहरूले आफ्नो उत्कृष्ट प्रस्तुतिमार्फत ताज चुम्न सफल भए। प्रतियोगिताको विशेष समारोहमा पूर्वअर्थ तथा परराष्ट्रमन्त्री र नेपाली कांग्रेसका नेता डा. प्रकाशशरण महत प्रमुख अतिथि रहेका थिए। कार्यक्रमलाई भव्य बनाउन विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको उपस्थिति रह्यो। मिसेस वर्गमा फस्ट रनरअप मायादेवी गुरुङ, सेकेन्ड रनरअप गंगा गुरुङ, थर्ड रनरअप पूर्णिमा गुरुङ र फोर्थ रनरअप मुना घले बने।

यसैगरी विभिन्न उपाधि जित्नेहरूमा मिसेस पब्लिक च्वाइस मुना घले, पब्लिक च्वाइस रनरअप नन्द गुरुङ, भ्युअर च्वाइस कुमारी गुरुङ, आयोजकको छनोट मेलिना गुरुङ, फोटोजेनिक मेलिना गुरुङ, प्रतिभा मीना गुरुङ, अनुशासन हेमा गुरुङ, व्यक्तित्व माया गुरुङ, आत्मविश्वासी कुमारी गुरुङ, इन्टेलिजेन्स गंगा गुरुङ, फ्रेन्डसिप मुना घले, हार्डवर्किङ रश्मी गुरुङ, वेष्ट स्माइल जुना गुरुङ, ब्यूटिफुल मेलिना गुरुङ, अनेष्ट कृष्णमाया गुरुङ, हम्बल मीना घले, आज्ञाकारी नन्द गुरुङ, प्रेरणादायी बिचु गुरुङ, बेष्ट हेयर क्षमा गुरुङ, बेष्ट स्किन रञ्जिता गुरुङ, ग्रेसफुल धनु गुरुङ, कल्चरल सपना गुरुङ, आकर्षक कञ्चन गुरुङ, एक्टिभ सृजना गुरुङ, इनोसेन्ट लक्ष्मी गुरुङ, सिनसियर मायादेवी गुरुङ र नेतृत्व पूर्णिमा गुरुङ रहेका छन्।

मिस वर्गमा फस्ट रनरअप अनिता गुरुङ र सेकेन्ड रनरअप ईशा गुरुङ बने। अन्य उपाधिमा पब्लिक च्वाइस फुलमाया गुरुङ, पब्लिक च्वाइस रनरअप अनिता गुरुङ, दर्शक रोजाइ सुनिला गुरुङ, आयोजक छनोट हिमाली गुरुङ, फोटोजेनिक सुमा गुरुङ, ट्यालेन्ट अनिता गुरुङ, डिसिप्लिन जेनिशा गुरुङ, पर्सनालिटी सुप्रिया गुरुङ, कन्फिडेन्ट सुनिला गुरुङ, इन्टेलिजेन्ट फुलमाया गुरुङ, फ्रेन्डसिप सपना घले, लिडरशिप सम्पदा गुरुङ, बेस्ट स्माइल सिर्जना गुरुङ, ब्यूटिफुल ईशा गुरुङ, चार्मिङ अनिता गुरुङ, एक्टिभ सुमा गुरुङ, इनोसेन्ट हिमाली गुरुङ र इमान्दार पवित्रा गुरुङले उपाधि जिते।

प्रतियोगिताको निर्णायक मण्डलमा वरिष्ठ अभिनेता सरोज खनाल, वरिष्ठ गायक आनन्द कार्की, पूर्व डिआइजी डा. देउती गुरुङ, कोरियोग्राफर केशव थापा र मैनुका राई रहेका थिए। विशिष्ट अतिथिहरूमध्ये बागमती प्रदेश खेलकुद मन्त्री तथा कांग्रेस नेतृ उर्मिला केसी, कांग्रेस नेताद्वय दिलमान पाखिन र राधा घले, राप्रपाका पर्शुराम तामाङ, कोशी प्रदेश सांसद डोल्मा तामाङ, पूर्व सांसद मनकुमारी गुरुङ, नेपाल प्रहरीका एआईजीपी चन्द्र कुबेर खापुङलगायतको सहभागिता थियो।

समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि डा. महतले नेपाल बहुभाषिक, बहुसांस्कृतिक र विविधताले भरिएको देश भएकाले कला, संस्कृति र परम्पराको जर्गेना गर्न यस्ता कार्यक्रम महत्वपूर्ण हुने धारणा राखे। उनले संस्कृतिको संरक्षणमा योगदान पुऱ्याएको भन्दै आयोजकलाई धन्यवाद दिएका थिए। एसके इन्टरटेन्मेन्टले आयोजना गरेको प्रतियोगिताको नेतृत्व प्रबन्ध निर्देशक शान्ता लामा तामाङले गरेका थिए। उनका अनुसार यो संस्करण अघिल्लाभन्दा अझ व्यवस्थित, भव्य र प्रभावकारी मात्र होइन, नेपालमै पहिलोपटक पूर्ण रूपमा निःशुल्क आयोजना गरिएको सौन्दर्य प्रतियोगिता हो। सहभागी सबै महिलाले फारम, प्रशिक्षण तथा आवश्यक सहयोग निःशुल्क प्राप्त गरेका थिए।

उनका अनुसार ‘मिस एन्ड मिसेस गुरुङ’ले गुरुङ महिलाहरूको प्रतिभा, आत्मविश्वास र नेतृत्व क्षमतालाई उजागर गर्नुका साथै समुदायको भेषभूषा, संस्कृति र परम्पराको संरक्षणमा योगदान पुऱ्याउने उद्देश्य बोकेको छ।


**Invitation for Bids**

## Rangeli Municipality, Office of The Executive Municipal

### Invitation for Bids for the Supply of medicine

**Date of publication: 27-08-2025 (11/05/2082)**

1. Rangeli Municipality invites electronic bids only from eligible bidders for the Supply of medicine under National Competitive Bidding – Single Stage Bidding procedures.
2. Only eligible bidders from Nepal should participate in this bidding:
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rangeli Municipality,Rangeli,Morang, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO’s e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project’s Rajaswa (revenue) account as specified below .
**Information to deposit the cost of bidding document in Bank:** Name of the Bank:-Agricultural Development Bank, Branch Office, Rangeli, Morang, Name of Office : Rangeli Municipality,Rangeli ,Morang ,rajaswa (revenue) Shirshakno.Ga(1.1)0601401150257011.
5. Pre-bid meeting shall be held at RangeliMunicipality,Rangeli ,Morang at ***16/09/2025*** **(31/05/2082)** ***on 13.00 hrs***
6. Electronic bids must be submitted to the office ***Rangeli Municipality*** through PPMO’s e-GP system www.bolpatra.gov.np/egpon or before **12.00 on *26/09/2025* (10/06/2082)** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13.00,26/09/2025*** **(10/06/2082)** at the office of ***Rangeli Municipality*** .Bids must be valid for a period of 90 days for other after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **below**, which shall be valid for 30 days beyond the validity period of the bid.
8. Information to deposit the Bid security in Bank: Name of the Bank: Agricultural Development Bank, Rangeli,Morang, **Ga(3),Deposit no-**Ga(3.1)0601401150257079.Name of Office: Rangeli Municipality, Rangeli, Morang.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**10. Details of Works**

| S. No. | Contract Identification No. | Name of Works | Stage/ Envelop | Estimated Amount | Bid Security Amount NRs. | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|
| 1 | NCB/Rangeli/ Goods/11/082/83 | Supply of medicine to Rangeli Municipality, Morang | Single / single | 3704212.75 | 100000.00 | 3000.00 |

Chief Administrative Officer



नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद
भेडा तथा बाखा अनुसन्धान कार्यक्रम
गुठीचौर, जुम्ला

**Supply and delivery of Feed (Pellet) for animals at SGRP**

प्रथम पटक प्रकाशित मिति: २०८२/०५/११

